# ठाँगे उक्लेपछि

(नियात्रा)

## नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, ˆयाक्स: ४७७०५८०
Email : naiprasai@gmail.com
website : www.nai.com.np
प्रुफ रिडर: कुमारधर शर्मा 'ज्ञानी'
प्रथम संस्करण : २०६०

## ठाँगे उक्लेपछि

ठाँगेतिर त्यतिखेर म लागेको थिएँ जुनवेला मेरो शिरमा मैले आर्थिक बोझ पनि भिर्नुपरेको थियो । त्यतिवेलासम्म मैले आर्थिक सुख कस्तो हुन्छ भन्नेबारे त्यतिसारो जानकारी पाइसकेको थिइनँ । त्यति मात्र होइन, मान्छेहरू कति स्वार्थी हुन्छन्, कति मतलवी हुन्छन् र कति पराइ हुन्छन् भन्ने पहिलो पाठ चाहिँ मैले त्यतिखेर नै रटेको थिएँ ।

जीवन अनुभवको निष्कर्ष हो । अनुभवरहित जीवनले मूल्य पनि पाउँदैन । आफ्नो बारीका माटाका डल्ला रहरले कोदालोले फोर्नु र बाँच्नको लागि अर्काका खेतमा बाउसे गर्नुमा धेरै फरक हुन्छ । म पनि रहरले डोल्पा गएको थिइनँ । व्यावहारिक गर्जो टर्ने आकाङ्क्षाको फेर समातेर म डोल्पासम्म पुगेको थिएँ । त्यो अभिभावकविहीन अवस्थामा मैले आफ्नै दिमाग चालेर जेजति गरेँ त्यो मेरो लागि लाखै थियो ।

प्रस्तुत ठाँगे उक्लेपछि मैले त्यस वेलाको साधारण टिपोटलाई यस वेलाको मेरो लेखनशैलीको हिसावमा प्रस्तुत गरेको हुँ । वास्तवमा त्यतिवेला म निबन्धकार थिइनँ । भोलि गएर मैले निबन्ध लेख्नुपर्छ भन्ने मभित्र भावना उब्जेको भए शायद त्यहाँ हिँड्दाको मेरो प्रत्येक पाइलाको छाप त्यसवेला मैले टिपेको हुन्थेँ होला । वास्तवमा भविष्यमा कुनैदिन त्यस यात्राबारे लेखुँला भन्ने सानो कल्पनासम्म पनि त्यसवेला मैले गरेको थिइनँ । त्यसैले यस कृतिमा आज मैले त्यहाँको त्यस बखतको मेरो सम्पूर्ण संवेदनशीलता, अनुभूति र दृश्यावलिको धेरैजसो भागलाई केलाएर लेख्न नसकेको पीडाले पनि मलाई अतृप्त पारेको छ । त्यसैले यस कृतिमा मैले एक ठाउँबाट अर्को ठाउँमा पुग्न कहीँकतै फड्का हान्नु पनि पर्‍यो । यतिका वर्षसम्म त्यसैले पनि यो कृति प्रकाशोन्मुख मात्रै भएर छटपटाइरहेको थियो ।

साहित्यकार हुनुको अर्थले इन्दिराले पनि यस कृतिलाई माया दिइन् । प्रस्तुत कृतिको प्रकाशनसन्दर्भमा म मेरी हृदयसम्राज्ञी इन्दिराको आग्रह पनि काट्न सक्ने मानसिकतामा रहन सकिनँ । उनले मेरो 'ठाँगे उक्लेपछि'को पाण्डुलिपि आफ्ना काखमा राखिन् र धोइपखाली गरिन् । त्यसैले धमिलिएका पाण्डुलिपिका पत्रहरूलाई इन्दिराको मिहेनतले मैले राम्रो कागजमा हेर्न पाएँ; यसरी नै यो कृति प्रकाशनमा आयो । त्यसो त छोराछोरी कञ्चनजङ्घा र अनुकृतिकाको रहरको परिणतिले गर्दा नै मैले 'ठाँगे उक्लेपछि' बेग्लै कृतिका रूपमा प्रस्तुत गरेँ ।

प्रस्तुत कृतिको प्रकाशनको लागि मलाई मेरो मित्र प्रताप मोक्तानको आर्थिक सौजन्य जुटेको बेहोरा व्यक्त्याउनु मैले सान्दर्भिक ठानेको छु ।

नियात्रासाहित्यको दृष्टिकोणअनुसार प्रस्तुत ठाँगे उक्लेपछि मेरो पहिलो नियात्राको पुस्तक हो । मेरी छोरी अनुकृतिकाकृत मेरो ज्याम्बोरीयात्रानामक नियात्रासङ्ग्रहको लोकार्पणसमारोहमा मैले बोलेको संवादको आज पनि मलाई आलो सम्झना छ । त्यस वेलाको समारोहमा मैले मेरो मन्तव्यको क्रममा भनेको थिएँ– 'मैले दर्जनौं ग्रन्थहरूको लेखन तथा सम्पादन पनि गरिसकेँ तापनि नियात्रासङ्ग्रह जनसमक्ष ल्याउन मभन्दा मेरी छोरी अनुकृतिका नै पहिलो भइन् ।'

जुनवेला म डोल्पा जाने तयारीमा जुटेँ; त्यतिवेलासम्म पनि मलाई ठाँगे भन्ने ठाउँको नाउँ पनि थाहा थिएन । वास्तवमा हिँड्दै जाँदा म ठाँगे पुगेको थिएँ । त्यतिखेर ३७ दिन लगाएर त्यहाँ पुगेर

आएको क्षणको कल्पना गर्दा अझै म कसरी त्यहाँबाट ज्यूँदै फर्केर आएँ जस्तो मलाई लाग्छ। त्यो घटना अहिले मेरो लागि फेरि सपना झैं भएको छ तापनि म ठाँगे उक्लेको चाहिँ थिएँ।

२०६० चैत २९ गते • नरेन्द्रराज प्रसाई

०००००००००००००००००००००००००००००००००००००००००००००

# सुरु

तापलेजुङको हाङपाङबाट झापा शनिश्चरे हुँदै म २०२८ सालमा काठमाडौं आएको थिएँ। नेपालको राजधानी हेर्ने, त्यहाँ बसेर अध्ययन गर्ने र आफ्नो गच्छेअनुसार अवसर खोज्ने अभिप्रायले त्यतिवेला मैले काठमाडौं खाल्डोमा प्रवेश गरेको थिएँ। झापाबाट डकोटा विमान चढेपछि मलाई काठमाडौंसम्म ल्याउने जिम्मा दाजु धीरेन्द्र कार्कीले बुझेका थिए। त्यतिवेला एउटा सोह्रवर्षीय अल्लारे मलाई उनले डोऱ्याएर डिल्लीबजारस्थित बडाहाकिम श्री उज्ज्वलबहादुर शाहीको घरमा पुऱ्याएका थिए। म एउटा गाउँको केटाले त्यतिवेला नै एउटा सौम्य, उदार र भद्र व्यक्तित्वका रूपमा बडाहाकिम शाहीलाई देखेको थिएँ।

म डिल्लीबजारको शाहीमन्जिलमा डेरामा बसेर रामशाहपथको पद्मोदय हाइ स्कूलमा पढ्न थालें। त्यतिवेला शाहीमन्जिलबाट अशोकबहादुर शाही पनि पद्मोदय हाइ स्कूल पढ्न जाने गर्थे। त्यसै स्कूलबाट मैले पनि नौ र दश कक्षा पढें। त्यसै क्रममा अशोकबहादुर शाहीसँग मेरो आत्मीयता पनि बढिसकेको थियो। स्कूलमा हामी अत्यन्तै मिल्ने कोटिमा जोडिन्थ्यौं। वास्तवमा हामी एकअर्काको भावना सल्लाको चोपले टाँसेझैं भएको थियो।

आइ.ए.मा खुट्टा टेक्नासाथै म एउटीसँग प्रीति गाँस्न पुगें। म कुन सपना लिएर काठमाडौं आएको थिएँ! मेरो भविष्यप्रति मेरी आमा र मेरी दिदीको आकाङ्क्षा कस्तो थियो! म स्वयम्ले भोलिको सुन्दर बाटो बनाएर हिँड्नुपर्ने स्थिति हुँदाहुँदै पनि त्यसघडी म एउटी सुन्दरीको मायाजालमा परेँ। वास्तवमा त्यतिवेला मैले किशोरावस्था टुङ्गिएको यौवनको हाँकलाई रोक्नै पनि सकिनँ। त्यसैले मैले अन्तरजातीय बिहे गरेँ। साँच्चै भन्ने हो भने त्यसवेला मेरो भविष्य हेर्ने आँखा टालिएका थिए।

जब म दाम्पत्यजीवनमा प्रविष्ट भएँ त्यसपछिका दिनहरूमा जीवनयापनको लागि अर्थोपार्जन गर्नुपर्ने सम्पूर्ण दायित्व पनि मेरो भागमा परेको थियो। किनभने त्यसताका मेरो आर्थिक अवस्था अत्यन्तै कमजोर थियो। आर्थिक रूपमा म स्वावलम्बी हुन नसक्ता मेरो लागि मेरो जीवन नै थप बोझिलो हुनु स्वाभाविकै थियो। आफ्ना काँधमा व्यवहारले घोडा चढेपछि जिन्दगानी धान्न गाह्रो पर्दो रहेछ भन्ने कुरा पनि मैले सर्वप्रथम त्यसैवेला चाल पाएको थिएँ। बिहानबेलुका हातमुख जोर्न पनि त्यसबखत मलाई धौधौ नै पर्थ्यो। त्यसैले त्यससमय आयस्ता हुने काम खोज्न म ज्यादै सक्रिय थिएँ। खुट्टा दुखाउँदै, मुख सुकाउँदै र दिमाग भुटेर हिँड्दै जाँदा त्यसघडी मैले डा. कविताराम श्रेष्ठमार्फत अर्को एउटा राम्रो काम भेटेको थिएँ। अथवा भनौं– त्यतिखेर मैले न्यू एराबाट डोल्पा जाने काम पाएको थिएँ। त्यसअनुसार न्यू एराको स्वास्थ्यसर्वेक्षणसम्बन्धी एउटा योजना हाम्रो टोलीको जिम्मामा परेको थियो। हाम्रो कामको प्रकृतिअनुसार डोल्पा जिल्लाको कालिका गाउँस्थित ह्लुँका बासिन्दाको स्वास्थ्यस्थितिबारे एक अध्ययनप्रतिवेदन हामीले तयार गर्नुपर्ने थियो।

सुदूरपश्चिम दुर्गम गाउँसम्म पुग्न त्यसवेला ठूलै आँट गर्नुपर्थ्यो। भोकभोकै बस्नुभन्दा तारेभीरको टुप्पामा चढ्ने कसरत गर्नु नै त्यतिवेला मेरो लागि उपयुक्त बाटो थियो। अथवा भनौं– 'परेपछि गरिन्छ' भनेझैं आर्थिक समस्याले पिरोलिएको मेरो लागि त्यो चुनौतीपूर्ण काम पनि स्वीकार्य हुन गएको थियो। वास्तवमा केही भए पनि आर्थिक उपार्जन होस् भन्ने ध्येयले त्यसवेला सोही कामको लागि म पश्चिमतिर लागेको थिएँ। गणेश गुरुङको नेतृत्वमा भरत वन र हेमराज चापागाईं त्यसवेला मेरा सहयात्री थिए। नदेखेको र नजानेको ठाउँ पनि हेर्न पाइने र दुईचार हजार रुपैयाँ पनि कम्मरमा बाँध्न सकिने भनेर नै त्यसवेला खास गरेर मैले चाहिँ सुदूर दुर्गम ठाउँ जान खुट्टा उचालेको थिएँ। त्यसैले बर्खामासमै भए पनि गणेश गुरुङ, भरत वन र हेमराज चापाईंसँग कस्सिएर म डोल्पातिरको भ्रमणमा हान्निएको थिएँ।

जीवन धान्ने अभिप्रायले काठमाडौंबाट छातीभरि आँधी र आँखाभरि बाढी बोकेर म आफ्नो डेराबाट डोल्पातिर हिँडेको थिएँ। प्रेमविवाह गरेको दुई वर्ष पनि बित्दानबित्दै अर्थोपार्जनहेतु मैले डोल्पा जाने कठोर निर्णय गरेको थिएँ। आफ्नी प्रेयसीसँग छुट्टिएर आफु अनकन्टारको यात्रामा हिँड्नुपर्दा मेरो हृदय त्यतिवेला विरहले छियाछिया भएको थियो। धनको खातिर मदनले मुनालाई

छोडेर आफु भोटतर्फ लाग्दाको जस्तो अनुभूतिले त्यसघडी म यात्राभरि नै भक्कानिएको थिएँ । डोल्पा जाने क्रममा जतिजति मेरा पाइलाहरू अघि सर्थे त्यतित्यति मेरो छाती मायालुको सम्झनामा ढुकढुक गर्ने गर्थ्यो, दुख्ने गर्थ्यो र चिरैचिरा हुने गर्थ्यो । त्यस भ्रमणको सम्पूर्ण समय मैले प्रायः आँसुमा नै बिताएको थिएँ ।

oooooooooooooooooooooooooooooooo

## एक

मान्छेलाई घरबाट बाहिर खुट्टा निकालेपछि हिँड्नैपर्ने बाध्यता हुँदो रहेछ । डोल्पा जाने भारी बोकेपछि मैले पनि आफ्नो शरीर रुदन, पीडा र जलनसँगै मोटरमा राखेको थिएँ । त्यसवेला अर्थात् २०३५ सालको असार ७ गतेको सो यात्राको लागि हामी निजी मोटरद्वारा नारायणगढतिर लागेका थियौं । मोटरमा खुट्टा हालेदेखि नै मेरो मुटु मेरी आमा, मेरी प्रेयसी र मेरी दिदीप्रति केन्द्रित भएर एकोहोरो भक्कानिएको थियो । जुन उद्देश्यले भए तापनि घरबाट मेरो यात्रा सुरु भइसकेको थियो । तर बाटोभरि पनि मेरो मन भने खुशी थिएन । त्यस यात्राको प्रारम्भदेखि नै मेरो आत्मामा पीरका ज्वाला दन्किरहेका थिए । प्रेयसी पत्नीसँगको बिछोड हुने पीडामा रुमल्लिँदारुमल्लिँदै हामी त्यसैसाँझ नारायणघाट पुगेका थियौं । अनि त्यसरात हामी नारायणगढकै एउटा लजमा बसेका थियौं । यता फर्के पनि र उता फर्के पनि त्यसरात मलाई त्यतिसारो निद्रा नै परेको थिएन । विरहले रोइरहेको मुटुमा अधकल्चो निद्रा पनि जोडिएर होला भोलिपल्ट पनि मेरो मन अमिलो नै थियो । मनःस्थिति जेजस्तो भए पनि बिहानै नारायणी नदीमा फेरीद्वारा मोटर तारेर हामी पारिपट्टि पुगेका थियौं । (त्यतिवेला नारायणी नदीमा पुल नहुँदा फेरीमा मोटर चढाएर तारिन्थ्यो ।)

नारायणी नदी तरेपछि हाम्रो मोटर ग्याबलिङ गरिएको महेन्द्रराजमार्गमा एकोहोरो हुइँकिरहेको थियो । त्यसघडी मेरो मन र मस्तिष्क भने आफ्नै प्रेयसीकै कल्पनामा नै जाकिइरहेको थियो । मोटरले उडाएको धूलोमा कल्पना दौडाउँदादौडाउँदै त्यस दिनको मध्याह्नमा हाम्रो त्यो यात्रा भैरहवा पुगेको थियो । त्यतिखेर मेरो मन नै रूखो भएकोले पनि होला मलाई भैरहवा भन्ने ठाउँ पनि उजाड नै लागेको थियो । त्यति मात्र होइन त्यहाँको गर्मीसँगै मेरो मुटु पनि तातिरहेको थियो । एकछिन हामी त्यहीँ बस्यौं र त्यहाँबाट हामी मोटरद्वारा सुनौली पुगेका थियौं । सुनौली पुगेपछि काठमाडौंबाट हामी चढी आएको मोटर हामीले काठमाडौं नै फर्काइदिएका थियौं । त्यसपछि हामी भारतीय भाडाको मोटरमा चढ्यौं र त्यसैसाँझ गोरखपुर पुगेका थियौं । हाम्रो लक्ष्य नेपालगञ्ज पुग्ने थियो । तर कुरा के हो भने त्यसघडी भैरहवादेखि नेपालगञ्जसम्मको महेन्द्रराजमार्ग तयार भइसकेको थिएन । त्यसैले त्यसवेला हामीले भारत हुँदै पुनः नेपाल पस्नुपर्ने बाध्यता थियो ।

भैरहवाबाट गोरखपुरसम्म पुग्दा मोटरमा पनि मलाई गर्मीले अत्यास लागेको थियो । गोरखपुरमा पुगेपछि त म गर्मीले झनै उकुसमुकुस भइसकेको थिएँ । त्यसवेला गोरखपुरमा तातो हावा बहिरहेको थियो । मलाई त्यसघडी त्यहाँको जमीन नै तातेर पट्ट फुट्ला झैं भान भएको थियो । गोरखपुरमा बेलुकादेखि रातभरि पनि तातो हावाले मलाई सास्ती दिइरहेको थियो । यस्तै खपिनसक्नु गर्मी पनि सहेर हामी एकदिन त्यहीं बसेका थियौं । अनि त्यसैबीच हामीले त्यहाँको प्रसिद्ध गोरखनाथको मन्दिरमा दर्शन गरेर गोलघर समेत घुम्न भ्याइसकेका थियौं ।

गोरखपुरबाट नेपालगञ्जतिर जाने हाम्रो साधन रेल नै थियो । त्यसैले गोरखपुरदेखि हामी नेपालगञ्जसम्म रेलमा नै गएका थियौं । त्यतिवेला हामी चढेको रेल लोकल रहेछ । वास्तवमा त्यस वेलासम्म हामीलाई लोकल रेल कस्तो हुन्छ र एक्स्प्रेस रेल कस्तो हुन्छ भन्ने थाहा पनि थिएन । त्यसैले गोरखपुरबाट बिहानैदेखि दिनभरि रेल चढेर हामी मध्याह्न दुई बजेतिर नेपालगञ्जको भारतीय सीमाक्षेत्र रुपैडिया रेलस्टेशन पुगेका थियौं । त्यो भारतीय क्षेत्र भए तापनि त्यतिवेला त्यहाँ नैपालगञ्ज रोडस्टेशन लेखिएको मैले पढें । त्यस शब्दले मेरो मनलाई धेरै पछिसम्म पनि खिचिरहेको थियो ।

मैले त्यसैदिन लोकल रेलको स्वाद पनि चाख्न पाएको थिएँ । यस्तो प्रकारको रेलमा चढ्दा एक त भीडमा गुन्द्रुक सरी खाँदिनुपर्ने हुँदो रहेछ, अर्को कुरा– रेल एकएक छिनमा रोकिँदै घच्याकघच्याक गर्दै हिँड्दो रहेछ । भनौं– यस्तो लोकल रेल गुड्नेभन्दा रोकिने प्रतिशत नै धेरै हुँदो रहेछ । त्यसैले एक्सप्रेस रेलले चार घण्टामा पुऱ्याउने ठाउँमा लोकल रेलले सातआठ घण्टा पनि लगाउँदो रहेछ । अझ त्यो झन्झटिलो यात्रामा गर्मीको तातो राप पनि खप्टनाले मेरो सातो उड्न आँटिसकेको थियो । साथै त्यस्तो पटचारलाग्दो समयमा पनि मेरो मनको अन्तरकुन्तरले चाहिँ त्यस यात्रालाई एउटा जरिमानाको रूपमा मभित्र स्थापित गराइसकेको थियो । त्यति मात्र होइन म यस यात्रामा सामेल हुँदा अर्थात् बिदाइको वेला मेरी मायालुका आँखाबाट टलपलाएका आँखाभरिका आँसु मेरो अन्तर्दृष्टिमा त्यस समयमा पनि सलबलाइरहेकै थियो ।

मनमा जेजस्ता भावना छताछुल्ल भएर पोखिए तापनि समय त टिकटिक हिँडिरहने चीज न हो । समयको फट्कोसँगै म पनि रोड रेल स्टेशन अथवा रूपैडिया पुगेको थिएँ । त्यसपछि रेलबाट ओर्ली हामी घोडे टाँगामा बसेर हाम्रो लक्ष्य नेपालगञ्जतिर लागेका थियौँ । लोकल रेलको वाक्कलाग्दो यात्रापछि टाँगामा चढेर टुकटुक गतिमै भए पनि आफ्नै नेपाली भूभागमा हिँड्न पाउँदा मेरो मन त्यतिखेर चाहिँ केही हलुङ्गो भएको थियो । मेरो पहिलो टाँगायात्राले त्यसवेला मलाई एकैछिन भए पनि थाहा नपाउँदो तालले आनन्दित पारेको थियो । टाँगा चढेको केही छिनपछि हामी नेपालगञ्जको अतिथिगृहमा पुगेका थियौँ । हामी त्यहाँ पुगेर त्यसैदिन वागेश्वरी माता र शिवको दर्शनमा शामेल पनि भएका थियौँ ।

# दुई

सुर्खेत जाने क्रममा हामी नेपालगञ्जबजार इलाकाबाट बर्दियाको चिसापानीतिर लाग्यौँ । त्यसबखत नेपालगञ्जदेखि चिसापानीसम्म दुःखसुखले मोटर गुड्ने महेन्द्रराजमार्गको बाटो बनिसकेको रहेछ । त्यसैले हामीले पनि चिसापानीसम्म मोटरबाट नै जाने इच्छा गऱ्यौँ । तर त्यतिखेर हामीले त्यहाँ जाने मोटर पाउन सकेनौँ । त्यसैले त्यसपछिको हाम्रो यात्रा लेफ्टराइटबाट भएको थियो, अर्थात् नेपालगञ्जबाट नै हामीले पैदलयात्रा शुरू गऱ्यौँ । त्यस दिनको साँझ हामी चिसापानीमा नै बस्यौँ । भोलिपल्ट चिसापानीबाट हामी बिस्तारबिस्तार भीरपाखा उक्लँदै अघि बढ्न थाल्यौँ । वास्तवमा पश्चिमी पहाडका भीरपाखा, पहरा, कन्दरामा म पहिलोपटक त्यसैवेला हिँडिरहेको थिएँ । विरहको पीडा छातीमा बोके पनि त्यस वेलाको मेरो अल्लारे जीवनमा अनौठो वातावरणसँगको साक्षात्कारले मलाई रोमाञ्चको अनुभव हुन लागेको थियो । आफ्नै देशको अनकन्टार भूभाग, अनौठा मानिसहरू र उनीहरूको असहज व्यवहारले पनि मलाई एक किसिमको नयाँ पाठ पढ्न पाएजस्तै कुतूहलको अनुभव भएको थियो ।

चिसापानीदेखि उकालो उक्लन थालेपछि मेरो मनमा यो यात्रा कष्टप्रद हुनेछ भन्ने चिसो पसिसकेको थियो । किनभने बाटो उक्लन थालेदेखि नै बाटोको वस्तुस्थितिले हामीलाई रिङ्ग्याउन थालिसकेको थियो । त्यहाँको त्यो बाटो त टोपी खस्ला झैँ ठाडो बाटो थियो । त्यस्तो बाटोमा खुट्टा फट्कार्दैफट्कार्दै साथीहरूसँग म पनि लौरो टेकेर उक्लिरहेको थिएँ । उकालीओरालीहरूको सन्दर्भपछि त्यहाँ हामीले भेरी नदी तर्नुपर्थ्यो । त्यतिखेर त्यहाँ गडगडाएर भेरी बगिरहेको थियो । त्यतिवेला साँघु तर्नेवेला मलाई घरै फर्कौं वा पुल तरौँ दुई मन भएको थियो । किनभने त्यो झोलुङ्गे पुलका समाउने साङ्ला सारै पातला थिए । मरीतरी म टाढाटाढा रहेका साङ्ला समाएर हिँडे तापनि पुलको बीचमा पुगेपछि मलाई बेजोडले रिङ्गटा लागेको थियो । मुनि हेऱ्यो घुमाउने पानी, अघि हेऱ्यो टेकिने फलेक फुक्लेको र हल्लँदो पुल, अनि समातिने ठाउँ हेऱ्यो टाढाटाढा राखिएको थियो । त्यो दृश्य हेरेर त्यसबखत मेरो सातोपुत्लो उडेको थियो । तर मेरी आमाको आशीर्वाद मसँग हुनाले मैले त्यस्तो डरलाग्दो कालको मुख पनि पार गरेको थिएँ ।

नेपालगञ्जबाट झन्नै दुई दिन कस्सिएर हिँडेपछि बेलुका चार बजेतिर हामी सुर्खेत उपत्यकाको गौँडामा पुगेका थियौँ । भेरी नदी तर्नुभन्दा अघिदेखि नै त्यसदिन आकाशबाट पानी बर्सिरहेको थियो । हामीले सुर्खेतको उपत्यकालाई छोएको वेला पनि त्यहाँ घनघोर पानी परिरहेको नै थियो ।

सुर्खेत उपत्यकाको गौँडाबाट लगभग दुई घण्टा हिँडेपछि सुर्खेतको सदरमुकाम वीरेन्द्रनगर पुगिँदो रहेछ । त्यतिखेर पनि पानी दर्किरहेकोले त्यसवेला कहिल्यै नहिँडेको बाटोमा चिप्लेटी खेल्दै हिँड्नुपर्ने हाम्रो बाध्यता छँदैथियो भने कतै नहरमा डुब्दै, कतै हिलोमा लड्दै आकाशे पानीले भिजेरै हिँड्नुपर्ने अर्को बाध्यताले हामीलाई थिलोथिलो पारिसकेको थियो । त्यसवेला हिलाम्मे भएर नै हामी सबैजना पहिलोचोटि नवस्थापित वीरेन्द्रनगरमा भित्रेका थियौँ । वीरेन्द्रनगर जतिसुकै राम्रो वा नराम्रो भए पनि त्यतिवेला म भने थाकेको शरीर, चिन्तित मन र भारी मस्तिष्कले लखतरान भएको थिएँ ।

मनमा वेदनाको जतिसुकै भुतभुते तातो खनिए पनि छिनछिनमा नयाँ ठाउँको नवीन परिवेशको कौतुक थाहै नपाई मनभित्र घुस्तो रहेछ । त्यसैले सुर्खेत पुगेपछि मेरा आँखा वीरेन्द्रनगरलाई सुम्सुम्याइरहेका थिए । सुर्खेतको वीरेन्द्रनगर पनि एउटा अर्को रमणीय ठाउँ रहेछ । मैले सुर्खेतको जति वर्णन सुनेको थिएँ, वास्तवमा सुर्खेत त्यस्तै राम्रो पनि रहेछ । साँच्चै हो, सुर्खेत एउटा आफ्नै पारामा हुर्केको स्यानो उपत्यका रहेछ । शायद वर्षा ऋतु भएकोले होला त्यस उपत्यकालाई वरपरका निख्खर हरिया र घना जङ्गलले बेरी बेहुली जस्तै पारेर राखेको रहेछ । सुर्खेत उपत्यकाको बीचको बुलबुले तालले त त्यसलाई झन् सुन्दर बनाएको रहेछ । भर्खरै विकासक्षेत्रमा परिणत भएकोले त्यस उपत्यकाले त्यसवेला आफुलाई शहरिया वातावरणमा घुलमिल गर्ने प्रयास गरिरहेको पनि देखिन्थ्यो । त्यसै प्रयासको सार्थकताको लागि त्यसबखत त्यहाँ नयाँनयाँ घरहरू बनाउने धूनमा सुर्खेत व्यस्त

देखिन्थ्यो । त्यति वेलाका नयाँ घरहरू प्रायः टिनका छानाले सजिएका थिए । वास्तवमा त्यसवेला त्यहाँका मान्छेहरूमा नयाँ जोश, जाँगर र उत्साह भरिएको पाइन्थ्यो ।

हामी सुर्खेतमा पुगेको दिन त्यहाँको शङ्कर होटलमा बसेका थियौँ । तर त्यस होटलमा खानपानको नाउँमा हामीले केही पनि पाउन सकेका थिएनौँ । होटलका साइनबोर्ड ठूलाठूला भए तापनि खानपान र वासको लागि त्यहाँका होटल त्यति गतिला चाहिँ देखिएका थिएनन् । उदाहरणको लागि भन्ने हो भने त्यससाँझ हामी च्यूरा भए पनि खाने हिसाबमा बजारतिर लागेका थियौँ । तर हामीले खास च्यूरा त के अन्य कुनै पनि खाद्य पदार्थ त्यहाँको बजारमा किन्न पाएका थिएनौँ । हामीले खान्की खोज्दाखोज्दै रात पनि झमक्कै परिसकेको थियो । त्यसैले त्यहाँका धेरैजसो पसलहरू पनि बन्द हुने क्रममा थिए । त्यहाँका सबैजसो पसल बन्द भइसकेका हुँदा जति चहारे पनि हामीले एक मुठी च्यूरा पनि भेटेका थिएनौँ । त्यसैले त्यसदिन हामी भोकै सुतेका थियौँ । भोलिपल्ट बिहान सबैभन्दा पहिलो काम चाहिँ हामीले भोजनको खोजी नै गऱ्यौँ । 'भोजनभन्दा भोक मीठो' भन्ने उखानको सार्थकताअनुसार त्यसबखत हामीले हाँग्राले पाँग्रा निलेझैँ भात खाएका थियौँ । सुर्खेतमा दुई दिन बसेपछि त्यहाँ हामीले हाम्रो बटुवा साथीको रूपमा एकजना जुम्लीलाई पनि फेला पाऱ्यौँ । त्यसपछि हामी हाम्रो गन्तव्यमा नै उनिन थाल्यौँ ।

## तीन

भरिया खोज्नुपर्दा सुर्खेतमा हाम्रो बस्ने, घुम्ने र हेर्ने धीत पनि मरेको थियो । त्यसपछि हामी दैलेखतिर उक्लने धूनमा लाग्यौँ । सुर्खेतबाट दैलेखसम्म पुग्न प्रायः जङ्गलकै बाटो हिँड्नुपर्थ्यो ।

सुर्खेतबाट कल्याणको डाँडो काटेर हामी पञ्चकोसी खोला तरी अर्को डाँडो उक्लेर दैलेखबजार पुग्यौँ । दैलेख पुगेपछि भने सुदूर पश्चिमाञ्चलको नमूनाको झल्को भेटि्टन थालेको थियो । दुर्गम ठाउँमा अवस्थित दैलेखबजारले आफ्नो संस्कृतिलाई कच्याककुचुक हुन नदिई सुरक्षित राखेको रहेछ । पहाडको टुप्पामा बसेको दैलेख आफ्नै सभ्यतामा ढकमक्क भएर फुलेको बजार रहेछ । मनोरम दृश्यले झकिझकाउ भएको दैलेख मलाई एक प्रकारको रमणीय ठाउँ लाग्यो । त्यसबखत हामीले एक दिनको लागि दैलेखको अतिथिगृहमा विश्रान्ति लिनुपरेको थियो । जे होस्, त्यहाँको मनोरम दृश्यले कठिन यात्रा पार गरेर आएको मेरो थकित शरीरलाई आनन्दित पारेको थियो । कहिले काठमाडौँ फर्कुँला र मेरो मनका पत्रहरू मेरी मायालुको काखमा उघारुँला भन्ने आकाङ्क्षामा त्यतिवेला पनि म बाँधिएकै थिएँ ।

मेरा पाइला त्यो बिरानो ठाउँका बाटामा जतिजति अघि सर्थे त्यतित्यति मेरो मनलाई भने घरकै सुर्ताले सताउने गर्थ्यो । साँच्चै हो, बाटोभरि जति पाइला चाले तापनि मेरो मन भने मेरी मायालुप्रति नै वारंवार फर्कने गर्थ्यो । 'घरबाट हिँडेको यत्तिका दिन भयो, मेरी मायालुलाई कस्तो होला ! उनी यतिवेला के गर्दै होलिन् !' आदि यस्तै विविध सम्झनाका तरङ्गहरूसँग विरहका छिपछिपाउँदा आँसु मेरा आँखामा रसाउँथे र म मेरा साथीहरूका आँखा छलेर आँसु पुछ्न आँखा मिच्ने गर्थे । वास्तवमा साँझ, बिहान अथवा दिउँसो जहिलेसुकै आआफ्ना घरपरिवारका कुरा हुँदा मेरा आँखा चाहिँ प्रायः भिज्ने नै गर्थे । त्यतिखेर साथीहरूले देख्लान् भनी म हत्तपत्त हत्केलाले आँखा पुछ्ने गर्थे । भरत वन चाहिँ मेरो उक्त मनःस्थितिको नजिक भए तापनि मेरो पिन्चे मनलाई म गणेश गुरुङ र हेमराज चापागाईंबाट भने टाढा राख्ने प्रयास गरिरहेको हुन्थेँ । त्यसो त हेमराज चापागाईं पनि अरु साथीका आँखा छलेर आफ्नी नयाँ दुलहीको चुल्ठोमा लगाउने रातो धागो घरिघरि मलाई देखाउने गर्थे । आफ्नो घरबाट निस्कँदा उनले पनि आफ्नी प्रियाको धागो चिनोस्वरूप लिएर आएका रहेछन् । त्यसरी उनले त्यो धागो देखाउँदा मेरो मुटुमा भने गाँठो पर्थ्यो । किनभने उनले मलाई त्यो धागो देखाउँदा मलाई मेरी प्रियाको सम्झनाले झनै व्याकुल बनाउने गर्थ्यो । वास्तवमा त्यतिखेर आफ्नै आँसु, रुदन र विरहका छटपटीहरूले गर्दा मेरो आफ्नै मन झुम्म हुन्थ्यो । वेदनाले भरिएका ती अनकन्टार बाटोभरि पनि प्रायः म मुरली फुक्थेँ र गीत पनि गाउँथेँ । मेरो छातीले त्यसवेला नारायणगोपालको एउटा गीत बोकेको थियो । सम्भवतः त्यसैवर्ष त्यस गीतको रिकर्डिङ भएको थियो । माधव घिमिरेले लेखेको र नातिकाजीले सङ्गीत भरेको यो गीत यात्राभरि मेरो प्रिय साथी भएको थियो–

मर्स्याङ्दी नदी नरमाइलो सुसाइरहेको
कहाँ हो कहाँ बादलभित्र म रोइरहेको !

•

अविरल वर्षामा हिँडेपछि त्यसवेला हामीले जहाँतहीँ धमिला खोलाहरू तर्नुपर्थ्यो । हिँड्दाहिँड्दै कहिले खान पाइँदैनथ्यो र कहिले वास पाइँदैनथ्यो । त्यसवेला हामीले कहिले जङ्गलकै बीचमा सुत्नुपर्थ्यो, अनि रोइरोई रात कटाउनुपर्थ्यो, कहिले भने ज्वरोले निस्लोट पार्दा पनि लुगलुग काम्दै उकालीओह्राली गर्नुपर्थ्यो । त्यसघडी बाटोमा चिप्लेटी खेल्दै गरेको हाम्रो शरीर गलेर लोथ भएको हुन्थ्यो । त्यसवेला अनकन्टारमा हिँड्दाको थकाइ मार्न बस्दा कहीँकहीँ त म भुसुक्कै निदाउने पनि गर्थें । निद्राबाट ब्यूँझँदा अनकन्टारमा आफुलाई एक्लै पाएर म आत्तिन्थेँ । त्यो मेरो आतङ्कित अवस्थामा पनि साथीहरूलाई भेट्न म सकेसम्म छिटो पाइला चाल्थेँ । केहीबेर कस्सिएर हिँडेपछि बल्ल साथीहरू भेटिन्थे । त्यसपछि मात्रै राहतको सास फेरेर म आफ्नो यात्रालाई सामान्य गतिमा ओराल्थेँ । यात्रामा साथीहरू कोही अगि हुन्थे, कोही पछि हुन्थे, तर घनघोर जङ्गलमा म घरि मुरली बजाउँदै र घरि गीत गाउँदै आफ्नै तालले हिँड्ने गर्थें । तेइसवर्षे जीवन छिचोलेको अल्लारे यौवन लिएर त्यस्तो अनकन्टार ठाउँमा हिँड्दा म बराबर भौँतारिएको थिएँ, घरिघरि रोएको थिएँ र पलपल तड्पेको थिएँ । त्यतिखेर मलाई न अघि लाग्न मन लाग्थ्यो, न घर फर्कने आँट नै आउँथ्यो । तर त्यसघडी पनि रनभुल्लमा पर्दापर्दै मेरा पाइला साथीहरूका पाइला समाउन जबर्जस्ती अघि सर्ने गर्थे ।

oooooooooooooooooooooooooooooooooooooooooooooooooooo

## चार

लामो यात्राको परिणाममा अनुभव सँगालिने पक्ष पनि एउटा महत्त्वपूर्ण पाटो रहेछ । त्यसो त म जस्तो निम्नमध्यम वर्गको प्रतिनिधित्व गर्ने व्यक्तिको लागि अभावहरूसँग लड्दैपड्दै हिँड्नुपर्ने बाध्यता पनि हुन्छ नै ! त्यस कालको मेरो सो यात्राको लक्ष्य विशुद्ध रूपले केही मात्रामा भए पनि आफ्नो आर्थिक गर्जो टार्नु थियो । अझै नढाँटी भन्नुपर्दा त्यो यात्रा अर्थोपार्जनको लागि गरिएको मेरो एउटा सङ्घर्ष थियो । तर यस्तै संस्मरण भावी जीवनमा सबैभन्दा प्यारो पनि हुँदो रहेछ । त्यस यात्राकै क्रममा बितेका दुःखदायी क्षणको एउटा घटनाले यसवेला पनि मलाई फर्काईफर्काई त्यसै क्षणमा पुऱ्याउने गर्छ । अथवा भनौँ– त्यहाँ हामीसामु उपस्थित अर्को एउटा कथाले मेरो मनलाई कहिल्यै छाड्न मानेको छैन ।

यात्राक्रमकै एक दिनको कुरो हो– ठाडो उकालो बाटो हिँड्दै जाँदा झमक्क साँझ परिसकेको थियो । साथै त्यसबखत झरीले पनि हामीलाई छोपिसकेको थियो । त्यसवेला हामी अँधेरी रातमा डराईडराई त्यो कहालीलाग्दो ठाडो उकालो हिँडिरहेका थियौँ । त्यतिवेला हाम्रो माझ एकातिर निष्पट्ट अँध्यारो र अर्कातिर ठाडो उकालो थियो । तुरतुरे झरीले पनि त्यसघडी हामीलाई आक्रान्त पारिसकेको थियो । त्यतिखेरको जङ्गलको बाटो हाम्रो लागि अत्यन्तै अत्यासलाग्दो र त्रासमय थियो । त्यसबखत हामी वास बस्ने ठाउँ नभेटेर आत्तिएका थियौँ । त्यसैले रात झमक्कै परे तापनि पाइला सार्नुपर्ने विवशता हामीमा छँदैथियो । त्यस क्षणको अध्याँरोमा वेलावेला चिप्लेर हाम्रो शरीरभरि हिलो दलिन्थ्यो भने कुनैकुनै वेला मरुन्जेल चाक थचारिन्थ्यो । त्यसदिन मलाई चाहिँ बिहानैदेखि ज्वरोले सताइरहेको थियो । वास्तवमा म अघिल्लै दिनदेखि अस्वस्थ थिएँ । त्यससाँझ मेरो जीउ झन् पेदु भएर गलेको पनि थियो । त्यसवेला मेरो शरीर चिमोट्दा पनि नदुख्ने जस्तै भएको थियो । यस्तै अचेतप्राय शरीर घिसार्दै म साथीहरूको पछिपछि लुरुलुरु हिँडिरहेको थिएँ । त्यसवेला मेरो छातीभरि पीडाको मुस्लो थुप्रेको थियो, ओठभरि विवशताका रेखाहरू तानिएका थिए, अनि आँखाभरि मेचीका भङ्गालाहरू जमेका थिए । त्यसघडी सपना हो कि विपना बोक्दै मेरा पाइला एक, दुई, तीन गरी घस्रिरहेका थिए । त्यसदिन रातको एघार बजेसम्म हामी अनिर्दिष्ट गन्तव्यतिर एकसुरमा अघि बढिरहेका थियौँ । त्यतिन्जेल हाम्रो शरीर आकाशे पानीले निथ्रुक्कै भइसकेको थियो । त्यस अनकन्टारमा हिँड्दै उकालो लाग्दा त्यस जङ्गलको माझमा एउटा पाटी भेट्टिएको जस्तो हामीले अनुमान काटेका थियौँ । त्यहाँ पुगेर सलाइको काँटी बाल्दा साँच्चै हामीले एउटा जीर्ण पाटी फेला पारेको टुङ्गो लागेको थियो । त्यसपछि मात्र हामीले शान्तिको सास फेर्न  पाएका थियौँ ।

हामीले पाटी त फेला पाऱ्यौँ तर त्यो पाटी सारै थोत्रो रहेछ । त्यसवेलै पनि आकाशको पानी पाटीभित्र पनि तप्किरहेको थियो । तर त्यस क्षणको त्यो भयावह वातावरणमा त्यही थोत्रो पाटी पनि हाम्रो लागि वरदान जस्तो भइदिएको थियो । नदीमा डुब्न लागेकालाई त्यान्द्रोको टेवा भनेको शायद यही हुनुपर्छ भन्ने त्यतिखेर मलाई लागेको थियो । त्यसैले पाटीको अवस्था जेजस्तो भए तापनि त्यसरात हामी त्यस पाटीमै आश्रय लिन वाध्य भयौँ । त्यस पाटीमा पसेर खान त के पाइन्थ्यो र ! जङ्गलको बीचमा शिर लुकाउन एउटा पाटी त पाइयो भनेर हामीले रमाउनुपरेको थियो । आआफ्नो रुक्सेककै सहारामा हामी छामछाम र छुमछुम गर्दै भरसक ओभानो भुइँ खोजेर त्यहीँ पल्टेका थियौँ । हामीलाई निद्रा नपरुन्जेल पीर, भोक र डरले सताइ नै रह्यो । मरुन्जेलका पैदलयात्राको थकाइले केही

बेरमै हामी भुसुक्क निदाएका थियौँ। ज्वरोको तापले पोलेको वेला भोकको रापमा पिल्सँदै मनभरि विरहको छटपटी बोकेर सन्त्रस्त अवस्थामा बिताएको त्यो रात म कहिले पनि बिर्सन सक्तिनँ।

त्यसो त त्यस भेकका सबै घटना मेरो लागि कथातुल्य थिए। शायद त्यस वेलाको कुनै पनि क्षण त्यस्तो थिएन जुन छिनमा हामी खुशी भएका थियौँ। ती सबै बेहोराको डोरी बाट्तै जाँदा खास गरेर त्यस रातले मलाई सारै तर्साएको थियो, भड्काएको थियो र निराश पनि पारेको थियो। म त्यसरात सारै दुखित थिएँ। जीवनमा रूखोसुक्खो जे खाए तापनि मलाई मेरी प्रेयसीसँगको सामीप्य नै प्यारो भएकोले ननिदाउन्जेल म आफ्नो पूर्वस्मृतिभित्र डुबेर कल्पि नै रहेँ। त्यतिखेर कल्पनामा मन बाटिँदै जाँदा आँखाबाट पनि थाहा नै नपाई आँसु चुहिन पुग्थे। त्यस परिवेशमै त्यस पाटीमा मेरो त्यो रात बितेको थियो। रातभरि मेरो तन र मनमा जेजस्तो भावना उर्ले पनि बिहानको उज्यालोको किरणसँगै हामीले त्यो पाटी चटक्कै छाडिदिएका थियौँ। त्यहाँबाट हामी फेरि जीवन जिउने आशाको फेर समातेर उकालो लागेका थियौँ। त्यस मध्याह्नतिर हामी महाबुँको फेदीमा पुगेका थियौँ।

# पाँच

एक त हामी हिँडेको बाटोघाटो नै अत्यन्तै अप्ठचारो थियो र त्यसमाथि महाबुँको लेक त्यस भेककै सबैभन्दा डरलाग्दो ठाउँ मानिन्थ्यो। त्यस लेकबाट कहिलेकाहीँ मान्छे चिप्लेर खस्ता पनि रहेछन्। अनि त्यहाँ हिँड्दाहिँड्दै कोही व्यक्ति खस्यो भने त्यसलाई खोज्न नगए पनि हुँदो रहेछ; किनभने खोज्न जाने मान्छे पनि फर्कन सक्तो रहेनछ। त्यस्तो डरलाग्दो भीरको बाटोबाट नै त्यहाँका मुटु नभएका मानिस ओहोरदोहोर गर्दा रहेछन्। अनि मुटु भएका मान्छेहरूले ओहरदोहर गर्ने बाटो चाहिँ हाउडी लेक रहेछ।

त्यस्तो विकट मानिने महाबुँ लेक चढ्न थालेपछि मेरा खुट्टा थरथरी कामेका थिए। त्यहाँको एउटा भयङ्कर डरलाग्दो धराप र अप्ठचारो भीरमा सिँढी कपेर बाटो बनाइएको रहेछ। टेक्ने सिँढीहरू पनि पाँचसात इन्च जतिका चेप्टा मात्र थिए र टेक्ने ठाउँका ती ढुङ्गाका छप्पटहरू पनि ठाउँठाउँमा उछिट्टिएका देखिन्थे। त्यति मात्र होइन, त्यहाँ सीधा अथवा ठाडो भएर पनि हिँड्न सकिँदैनथ्यो र समाउने ठाउँ पनि कतै पाइँदैनथ्यो। अलिक सीधा भएर हिँड्दा भीरको देब्रेपट्टिबाट निस्केका तीखातीखा ढुङ्गाहरू टाउकामा ठोक्किने गर्थे। त्यसैले हामीले कुप्रो परेर त्यहाँका खुट्किला चढेका थियौँ। त्यस खुट्किलापट्टिको दाहिने भागबाट अनकन्टार र गहिरो ध्वान्द्रो देखिन्थ्यो। भनौँ– भन्याङबाट दाहिनेपट्टि हेर्दा तलतल, निकै तल कहाँ हो कहाँ तल एउटा कालो र निस्लोट अन्धकार ठाउँ देखिन्थ्यो। त्यतिखेर सामान्य कुहिरो लागेको, सिरिरिरि चिसो हावा चलेको र सिमसिमे पानी परेकोले वातावरण अझै डरलाग्दो थियो। पानी परे तापनि त्यस भीरमा छाता ओड्ने सवालै थिएन। त्यतिखेर अलिकति खुट्टा यताउति भयो भने पनि हामीलाई जिउँदै काशी पुगिने पक्कापक्की नै थियो।

महाबुँको त्यस भीरमा सम्भावित मृत्युको काल्पनिक छायाले छोपेर हाम्रो शरीर जिरिङजिरिङ भए तापनि त्यसदिन हामी चारैजना त्यस भीरको लामो बाटो उक्लन सफल भने भएका थियौँ। पछि पो हामीले थाहा पायौँ, वास्तवमा महाबुँ लेकको त्यो बाटो त्यति चल्तीको ठाउँ रहेनछ। त्यो त्यस ठाउँकै सबैभन्दा डरलाग्दो भीर भएकोले त्यहाँकै स्थानीय मान्छेहरू पनि प्रायः अर्कै घुमाउरो र लामो अर्थात् हाउडी लेकको बाटो हिँड्ने गर्दा रहेछन्। तर हामी चाहिँ छोटो र छिटो बाटो खोज्ने क्रममा झन्नै मृत्युको मुखमा पुगेका रहेछौँ। महाबुँ लेकको बाटोबाट आएको भन्ने हाम्रो कुरा सुनेर त्यहाँका स्थानीय बासिन्दा पनि हाम्रो अल्लारे बुद्धि देखेर छक्क पर्थे। 'महाबुँको बाटो हिँडेको !' भन्दै देख्ने सुन्नेहरू लामो जिब्रो निकाल्ने गर्थे। वास्तवमा पछिपछि त्यस बाटोको सन्दर्भ सम्झँदा म आफै पनि आफ्नो मूर्खताप्रति झस्कने गर्थें।

बाटो पनि त्यस्तो विकट हुन्छ भन्ने कुरा त्यसभन्दा अघि मैले कहिल्यै कल्पनासम्म पनि गरेको थिइनँ। महाबुँको त्यो डरमर्दो भीर नचढुन्जेल नेपाल चिनेको भन्न चाहिँ मिल्ने रहेनछ। बाँदर हिँड्ने जस्तो ठाउँमा आफ्नै खुट्टाले खुट्किला उक्लेपछि मलाई आफुदेखि आफैलाई धेरै उदेक पनि लागेको थियो। अहिले पनि त्यो भीर सम्झँदा म झसङ्ग हुने गर्छु। वास्तवमा मैले त्यो भीर चढेको समयमा भनेको पनि थिएँ– 'मेरा शाखासन्तान कोही पनि यस्तो बाटोमा नहिँडुन्।' मेरो कहालीलाग्दो स्वर सुनेपछि गणेश गुरुङ, भरत वन र हेमराज चापागाईले पनि त्यसै भनेका थिए। साँच्चै हो; उनीहरू पनि त्यसवेला अत्यासले आत्तिएका थिए। त्यसघडी उनीहरूले पनि मैले झैं आफ्नो ज्यानलाई माया मारेका थिए। उनीहरूले पनि मैले झैं विवश भएर, आत्तिएर र रोएर नै त्यो ज्यानमारा भीरमा आफ्ना पैतला उचालेका थिए।

महाबुँको भीरको टुप्पामा एउटा देउराली अवस्थित रहेछ । म बाँचेको उपलक्ष्यमा मैले पनि देउरालीलाई सानासाना दुईवटा ढुङ्गा चढाएँ । त्यसपछि म त्यहीँ भुइँमा थुचुक्कै बसेको थिएँ र एकै छिनको लागि भए पनि उत्तानो परेर मैले आफुलाई विश्रान्ति दिलाएको थिएँ । त्यतिखेर मेरा साथीहरू पनि सम्भावित कालको मुखबाट बाँचेकोमा दङ्ग परेर त्यहीँ पसारिएका थिए । तर त्यस वेलाको समयसन्दर्भले हामीलाई त्यहाँ धेरै इतरिइरहने मौका दिएको थिएन । एकछिन देउरालीमा ठट्टारमाइलो गरेर हामी ओह्रालो लागेका थियौँ । अनि त्यतिखेर जति तल झर्दा पनि हामीले गाउँ भेट्न सकेका थिएनौँ । बल्लतल्ल साँझपख हामी डिल्लीकोट भन्ने ठाउँ पुगेका थियौँ । डिल्लीकोट भन्ने ठाउँ कालीकोट जिल्लाको अति पछौटे गाउँ मानिँदो रहेछ ।

•

हामी डिल्लीकोट पुग्दा रात झमक्कै परिसकेको थियो । त्यसैले पनि होला डिल्लीकोटमा हामीलाई वास बस्न धौधौ परेको थियो । स्थानीय मानिसहरूको त्यस दिनको व्यवहार देखेर मलाई त्यहाँका मान्छे नेपाली होइनन् जस्तो पनि लागेको थियो । वास्तवमा त्यति वेलाका डिल्लीकोटेहरू मान्छेप्रति मान्छेको दृष्टिकोणबाट टाढै देखिन्थे । खोइ किन हो कुन्नि उनीहरू मान्छे देख्नेबित्तिकै झस्कने गर्थे । उनीहरूको लागि परदेशीहरू पनि राक्षस जस्ता लाग्थे क्यारे ! त्यसैले हामी वास माग्ने क्रममा उनीहरूका घरघरमा जाँदा पल्ला घरमा गयो वास छैन भन्थे, वल्ला घरमा आयो वास नै छैन भन्थे । तल्ला घरमा झऱ्यो त्यसै भन्थे, अनि फेरि माथ्लो घरमा उक्ल्यो त्यसै भन्थे । त्यतिवेला त्यहाँ घर चहार्दाचहार्दै हाम्रो सातो उडिसकेको थियो । बिरानो ठाउँ, मान्छेको नबुझिने स्वभाव र अप्ठचारो वातावरणमा पसेपछि हामीले आफुलाई बिकाउन नै गाह्रो परिरहेको थियो । त्यसमाथि गलेर भुतुक्कै भएको वेला घुँडा टेक्नेसम्मको आश्रयसम्म पनि पाउन नसक्नु ! शारीरिक र मानसिक तनावले हुरुक्कै भएको क्षणमा त्यस्तो अनकन्टारमा मान्छेहरू नै विपरीत भइदिँदा हाम्रो मनोदशा विक्षिप्त भइसकेको थियो । त्यति मात्र होइन हाम्रो पेट पनि अघिल्लै दिनदेखि खाली नै थियो । त्यसबखत भोक लागेर हामी मूर्छा पर्न आँटिसकेका थियौँ; तैपनि हामीले थकाइ मार्ने ठाउँसम्म पनि भेटेका थिएनौँ । यति हुँदाहुँदै पनि हामीले घरघरमा पुगेर 'वास पाइन्छ कि !' भनेर सोध्न चाहिँ छाडेका थिएनौँ । त्यसरी तानिँदै जाँदा डिल्लीकोटको पुच्छरमा हामीले वास पाएका थियौँ । त्यहाँ पनि हामीले घरबेटीलाई शरणको लागि कारुणिक स्वरमा निक्कै बेरसम्म अनुनयविनय गरेपछि मात्र बल्ल वास भेट्टाएका थियौँ ।

हामीले डिल्लीकोटको पुच्छरमा वास त पायौँ, तर त्यसवेला हामी खाना पकाएर खाने अवस्थामा थिएनौँ । त्यसबखत गलेर हाम्रो शरीर लोथ भएको थियो भने भोकले हाम्रो भुँडी बाउँडिरहेको पनि थियो । त्यसैले त्यस्तो अवस्थामा पनि हामीले बाँच्नकै लागि बाध्य भएर खाना पकाएका थियौँ र भातका गाँस हाम्रा मुखमा स्वचालित रूपमै पुगेका थिए । अनि हामी त्यस घरको सिकुवामा सुत्ने मेलोमेसोमा जुटेका थियौँ । हाम्रो भोकाएको पेटमा तातो अन्न पनि परेको थियो र थाकेको शरीरले आश्रय पनि पाएको थियो । त्यसैकारण एकछिनमै छेउकुना लाग्दानलाग्दै हामी चारैजना भुसुक्कै निदाएका थियौँ । मेरो जीवनका रातहरूको गणना गर्दा मैले त्यही एउटा रात त्यस्तो भेटेको छु जुनरात सुतेपछि मैले केही नसोची, केही नबुझी र केही थाहा नपाई भोलिको दिन देखेको थिएँ ।

भोलिपल्ट बिहानै हिँड्ने क्रममा हामी जऱ्याकजुरुक उठ्यौँ । तर त्यसवेला हामी चारैजनाका झोलाबाट खानेकुरा झिकिएको हामीले थाहा पायौँ । भनौँ– राति नै घरबेटीले हामी मस्त निद्रामा परेको वेला हाम्रो वासको ज्याला चाहिनेभन्दा बढी नै असूल गरिसकेका रहेछन् । त्यहाँ खास गरेर हाम्रा रुक्सेकमा भएका प्याज, काँचा चाउचाउका पुरियाहरू र दालमोठभुजियाका पुरियाहरू हराएका थिए । हाम्रै आँखाअगाडि हाम्रा रुक्सेकहरू रित्ता भए तापनि हामी त्यस अन्यायमा बोल्न असमर्थ थियौँ । किनभने हाम्रा टोलीनेता गणेश गुरुङले हामीलाई मौनतामा बाँधिन आग्रह गरिसकेका थिए । त्यसैले चुपचाप केही नबोली हामी हाम्रा खानेकुरारहित रुक्सेक बोकेर बिहानै डिल्लीकोटबाट ओह्रालोतिर लागेका थियौँ ।

त्यस दिनको बिहानीपखको समय हाम्रा लागि रङ्गमञ्च हुन पुगेको थियो । त्यसवेला डिल्लीकोटमा बाटोभरि मान्छेहरू दिसा गर्न व्यस्त देखिन्थे । यस्ता दृश्य हेर्दा हामीलाई आश्चर्य लाग्नु स्वाभाविकै थियो । मलाई त यस्तो चालामालाले रिङ्गटा नै लागिसकेको थियो । यस्तो घिनलाग्दो दृश्य हेरेर हामी डिल्लीकोटको गाउँ हिँडिरहेका थियौँ । त्यसैबखत दिसा गरिसकेर उठ्तै गरेका एकजना व्यक्तिसँग मेरो जम्काभेट भयो । मैले यस्तो अमर्यादित प्रसङ्गको कुरा झिक्ता ती व्यक्तिले मलाई भनेका थिए– 'यहाँ यस्तै रीत छ । खेतमा काम गर्दागर्दै पनि कसैलाई दिसापिसाप लाग्यो भने उनीहरू बाटैमा आएर दिसापिसाप गर्ने गर्छन् । बाटामा दिसापिसाप गर्ने कालीकोट र जुम्लाको परम्परा नै भएको छ ।' त्यसैले खुला शौचालय अर्थात् डिल्लीकोट पार गर्नु पनि मेरो लागि त्यतिखेर

निकै कष्टप्रद यात्रा भएको थियो । वास्तवमा डिल्लीकोटको एउटा उखानै रहेछ– 'गु आयो कि गाउँ आयो, गाउँ आयो कि गु आयो ।'

•

बिहान करीब १० बजेतिर हामी डिल्लीकोटको फेदमा रहेको पार्दे खोलामा पुगेका थियौं । बर्सादको समय भएर पनि होला पार्दे खोलो निकै गडगडाएर बहिरहेको थियो । खोलो निकै ठूलो भए तापनि त्यो खोलो सङ्लो चाहिँ थियो । त्यस खोलामा साँघुको व्यवस्था थिएन । खोलाको वारि र पारि ठूलाठूला मूढा गाडेर डोरी तानिएको रहेछ, अनि त्यसै डोरीमा बाँधेर त्यहाँ ओहोर र दोहोर गर्ने मान्छेलाई तार्ने गरिँदो रहेछ । हाम्रो टोलीको प्रसङ्गमा त्यतिखेर त्यस टुइनबाट पहिलोपल्ट भरत वन तरेका थिए । पारिपट्टि पुग्दा बाबियोको डोरीले उनका हत्केला पाछिइसकेका थिए । दोस्रोपल्ट हेमराज चापागाईले भने केही सतर्कतासाथ त्यो टुइन तरेका थिए । त्यसै गरी गणेश गुरुङ पनि आँखा चिम्लेर पारि पुगेका थिए । अनि मलाई पनि बाबियाको ठूलो डोरीले टनक्कै बाँधेर अन्दाजी दश मिटर लम्बाइ र चार मिटर उचाइको सो खोलाको पारिपट्टि पुऱ्याइएको थियो । वास्तवमा त्यसबखत खोलाको माझमा पुगेपछि म निकै आत्तिएको थिएँ । यसरी हामी चारैजना खोलापारि पुगेपछि हाम्रो यात्राका अर्का सहयात्री जुम्लीलाई पनि त्यसै गरी तारिएको थियो ।

हामी हाम्रो गन्तव्यमा पुग्ने क्रममा केही उकालोउकालो जस्तो बाटो हिँडिसकेका थियौं । तर हाम्रा सहयात्री जुम्ली अर्थात् अम्बरबहादुर शाही भने त्यतिखेर त्यहीं खोलाकिनारमै बसिरहेका थिए । एक घण्टापछि अम्बरबहादुर पनि हामीसँग मिसिन आइपुगे । अम्बरबहादुरसँग मैले नै कुराकानी गरेर आफ्नो स्वभाव दर्शाएको थिएँ । त्यसै क्रममा उनले भनेका थिए–

'हामीपछिको एउटा जुम्लीलाई पनि डोरीले टनक्क टन्काइएको थियो । अनि खोलाको बीचतिर आइपुगेपछि तिनलाई बाँधिएको बाबियाको डोरी च्वाट्टै चुँडियो । ती जुम्ली खोलाको बीचभागमा रहेको ठूलो ढुङ्गामा बजारिएका थिए । अनि रक्ताम्मे भएका ती जुम्लीलाई खोलाको छालले हुत्त्याएर तल्लो भुमरीमा हुँडल्दै, उछिटचाउँदै बगाएर लगेको मैले देखें ।' हामी चारैजना त्यो संवाद सुनिरह्यौं । हामी मनमनै खिन्न हुँदै यस विषयमा कुराकानी गरिरह्यौं । 'ओहो ! भाग्यले बाँचिएछ' भन्दै थाकेको वेलामा पनि बाँच्न पाएकोमा हामी एकातिर रमाएका पनि थियौं भने अर्कातिर 'बिचरो त्यो को होला ! त्यसको घर कहाँ थियो होला ? अब उसको परिवारले यो कुरा कसरी थाहा पाउला !' भनेर हामीले त्यतिखेर त्यो अपरिचित मृतकलाई सम्झेर दुःख पनि मनाएका थियौं ।

पार्दे खोलादेखि करिमकरिमको उकालो उक्लेपछि केही समयमा चिल्खा भन्ने गाउँमा पुगिँदो रहेछ । चिल्खा गाउँ आकर्षक, हरियालीयुक्त र सानो पहाडको भित्तामा अवस्थित रहेछ । त्ससमय मलाई चिल्खाको मनोरम वातावरणले निकैबेर झुम्म पारेको थियो । तलपट्टिको चौरमा बसेर मैले निकैबेर त्यो गाउँ नियालेर हेरिरहें । त्यसवेला यस्तो रमाइलो गाउँ आफ्नी प्रेयसीलाई पनि देखाउन पाए कस्तो हुन्थ्यो होला भन्ने कल्पनामा एकैछिन भए पनि म हराएको थिएँ । वास्तवमा मनमा जति नै कुहिरो लागे तापनि त्यस ठाउँको उच्च कोटिको सौन्दर्यले सिँगारिएको रूपलाई मैले स्वीकार्नुपरेको थियो । त्यसो त चिल्खामा धेरै घरहरू थिएनन् । त्यहाँ प्रायः बाह्रपन्ध्रओटा जति मात्र घरहरू देखिन्थे । प्रत्येकको घरबारीमा लगाइएका स्याउका लहलहाउँदा बोटहरू देख्दा म निकै पुलकित भएको थिएँ । थाहा नपाइँदो भिरालो टारमा यस्तो एकनासको बस्ती मैले प्रायः आठराई, इलाम अनि खर्साङ, दार्जीलिङ र कालिम्पोङतिरको पनि कुनैकुनै ठाउँमा मात्रै देखेको थिएँ ।

'आहा ! यस्तो रमाइलो गाउँ हेर्न आउने सजिलो बाटो भइदिए कस्तो हुन्थ्यो' भन्ने कल्पनामा पनि त्यतिवेला म डुबेको थिएँ । वास्तवमा सुगम बाटोघाटो भइदिँदा यस्ता स्वर्गीय स्थलहरूको स्वाद लिने असङ्ख्य आँखाहरू यहाँ खनिन्थे भन्ने सोचमा त्यतिखेर म डुबिरहें । हामी एकातिर यस्तरी स्याउ फल्ने माटोका धनी हौं भने अर्कातिर यातायातको अभावले गर्दा हामी गरीबीमा बामे सरिरहन बाध्य छौं । चिल्खा गाउँको मनोरम वातावरणमा रमाउँदारमाउँदै पनि यसको अनकन्टार क्षेत्रफलले मलाई त्यो रमाइलो वातावरण पनि आँखाको कसिङ्गर झैं भएको थियो ।

•

त्यस क्षेत्रका मान्छेको समयतालिकाको सन्दर्भले पनि मलाई आश्चर्य चकित बनाएको थियो । त्यतातिर हिँड्दै जाँदा कुनै स्थानीय मान्छे अथवा बटुवालाई 'फलाना ठाउँमा पुग्न कति समय लाग्छ ?' भनेर सोध्यो भने ती बटुवा वा स्थानीय मान्छेले जति समय बताउँथे, हिँड्दै जाँदा हामी उनीहरूले दिएको समयभन्दा पाँच गुनाले ढिलो पुग्थ्यौं । अधिकांश ठाउँहरूमा उनीहरूले भनेको समयलाई पाँचले गुना गर्नैपर्थ्यो । त्यतिखेरसम्ममा त्यहाँ घडी बाँध्ने मान्छे पनि ठूलै मानिन्थ्यो । त्यसवेला सदरमुकामहरूका केही मान्छेका हातमा मात्र हामीले घडी देखेका थियौं ।

## छ

कर्णाली अञ्चलका राम्रानराम्रा ठाउँहरू हेर्दाहेर्दै हामी जुम्लाको सदरमुकाम खलङ्गाबजार पुगेका थियौँ । जुम्लाबजार टेकेको वेला सुरुमा म एकैछिन भए पनि खुशी भएको थिएँ । तर जुम्ला जिल्लाको सदरमुकाममा पाइला राखेको केही समयपछि भने मेरो मन भरङ्गै भएर उडेको थियो । त्यस ठाउँको दुर्गन्धित वातावरणले मलाई एक्कासि ऐँठन नै हुन खोजेको थियो । भोकले आतुर पारेको भए तापनि त्यहाँको वातावरणले त्यहाँ खानु र बस्नुप्रति नै मलाई वितृष्णा उब्जेको थियो । त्यस ठाउँको स्थितिको अवलोकन गर्दा हाम्रो लागि जुम्लामा खानुबस्नु कष्टकर नै रहेछ भन्ने मलाई लागिहाल्यो ।

त्यसवेला जुम्लामा खानेपानी पनि धमिलो नै खानुपर्दो रहेछ । साथै त्यस ठाउँको अर्को विशेषता के थियो भने भातसँग पनि झिङ्गा खानुपर्दो रहेछ । दुई दिनको बसाइमा मैले जुम्लाका करीब पचाससाठीओटा झिङ्गा खाँदै थुक्तै गर्नुपरेको थियो । वास्तवमा त्यस ठाउँमा भातसँग पनि झिङ्गै पाक्तो रहेछ, दालसँग पनि झिङ्गै पाक्तो रहेछ, अनि तरकारीमा पनि झिङ्गै पाक्तो रहेछ । वातावरण फोहर, मानिसहरू फोहर, जताततै फोहरै फोहर देखेर म त्यतिखेर विरक्तिएर निसास्सिएको थिएँ । त्यहाँका मानिसहरूसँग कुराकानी गर्दा बोल्ने मुख हत्केलाले छेकेर बोल्नुपर्थ्यो; किनभने बोल्दा पनि मुखमा झिङ्गा नै पस्ने गर्थे । मेरो लागि त्यहाँको भाषा पनि सरल थिएन । मैले त पहिलो प्रहरमा त्यहाँका मान्छेको भाषा सजिलोसँग बुझ्न पनि सकेको थिइनँ । साथै हामीले बोलेको बोली पनि उनीहरू एकैपल्टमा राम्रोसँग बुझ्दैनथे । साँच्चै भन्ने हो भने त्यस वेलाको हाम्रो जुम्लाप्रवेश मेरो लागि एउटा चिरस्मरणीय दुःखद घटना थियो । मैले नरक भोग्ने जीवनको परिकल्पना त्यहीँ जुम्लामै साकार भएको देखेको थिएँ । मैले के पाप गरेको रहेछु र म यस्तो नरकमा भास्सिएँ भन्ने तर्कवितर्कहरू पनि त्यसघडी मेरो मनमा सलबलाउने गरेका थिए ।

वास्तवमा त्यतिन्जेलसम्मको मात्र लेखाजोखा राख्ता हाम्रो भ्रमणभरिको सबैभन्दा दुर्भाग्यको ठाउँ नै जुम्ला हुन पुगेको थियो । किनभने जुम्लामा भारी बिसाउनेबित्तिकै हाम्रा मित्र भरत वनलाई पनि हैजाले समातिसकेको थियो । त्यसबखत उनको मुखबाट र गुदद्वारबाट बराबर लेदो जान थालेको थियो । त्यसवेला त्यस घटनाले हामीलाई डरमर्दो तुल्याएको थियो । भरत मर्छ कि बाँच्छ भन्ने हिसाबमा मेरो मन पनि चिसो भइसकेको थियो । उनको त्यो दुःखद अवस्थाले म मनमनै आत्तिएर छटपटाइरहेको थिएँ । त्यसैवेला काठमाडौँबाट त्यहाँ जहाज अथवा हेलिकप्टर आउँछ भन्ने हल्ला हामीले पनि सुनेका थियौँ । त्यस आशामा बाँधिँदा मलाई निकै ठूलो राहत प्राप्त भएको मैले महसूस गरेको थिएँ । त्यो खबर हाम्रा कानमा बज्रेपछि भरत वनलाई काठमाडौँ फर्काउन हामी एक दिनभरि हवाईजहाज र हेलिकप्टरको प्रतीक्षामा पनि लाग्यौँ । तर त्यसदिन हाम्रो प्रतीक्षा आशैआशामा धमिलो हुन थालेको थियो । काठमाडौँबाट जहाज नआए तापनि त्यतिन्जेलसम्ममा भरत भने बाँच्ने अवस्थासम्ममा फर्किसकेका थिए । अथवा भनौँ– हाम्रै सानोतिनो प्राथमिक उपचारले भरत वनलाई अलिक बिसेक पनि हुन थालेको थियो । अनि भोलिपल्ट मध्याह्नमा हामीलाई दुःख दिने जुम्लालाई हामीले छाड्ने निर्णय गरेका थियौँ । त्यसपछि हामी भरत वनलाई घिस्याउँदै जुम्लाबाट हिँड्न थाल्यौँ । त्यतिखेर भरत वनको रुक्सेकका सामान चाहिँ मैले आफ्नै रुक्सेकमा खप्टेको थिएँ । अनि हामी हिँड्दै जाँदा साँझपख जुम्लाकै गोठीचौर भन्ने ठाउँमा पुगेका थियौँ ।

गोठीचौरलाई भेडाफार्म पनि भन्दा रहेछन् । श्री ५ महेन्द्रको निर्देशनमा न्यूजिल्यान्डबाट भेडाहरू ल्याएर त्यहाँको भेडाफर्मको विकास गर्न खोजेको बेहोरा पनि हामीले त्यहाँ पुगेपछि थाहा पाएका थियौँ । न्यूजिल्यान्डका भेडा र नेपालका भेडा मिलाएर उन्नतखाले भेडाको उत्पादन गर्न त्यो फर्म क्रियाशील भएको जानकारी पनि हामीले त्यसैवेला प्राप्त गर्‍यौँ । भेडाफर्मले गर्दा मात्र होइन प्रकृतिको सुन्दर बनोटले गर्दा पनि गोठीचौर भन्ने ठाउँको वातावरण निकै राम्रो रहेछ । वास्तवमा गोठीचौर सानो उपत्यका रहेछ । गोठीचौरवरपरका डाँडा लोभलाग्दा भएर तानिएका देखिन्थे । त्यो उपत्यका सानो र चिटिक्क परेको थियो । त्यस उपत्यकावरिपरि पैदलै घुम्ने हो भने करीब दुई घण्टा मात्रै लाग्छ होला जस्तो देखिन्थ्यो । गोठीचौर सफा र प्रकृतिले नै चुम्बन खाएर राखेको जस्तो आनन्दको ठाउँ देखिन्थ्यो । त्यस आनन्दस्रोतको उत्तरपट्टिको भित्तामा अवस्थित आवासगृहमा हाम्रो वासस्थान तोकिएको थियो । अनि त्यस ठाउँको दक्षिणपट्टिका डाँडामा हिउँको लहरा तानिएको दृश्यले मेरो मन मुग्ध पारेको थियो । वास्तवमा यसरी सौन्दर्यले बेरिएको अर्को ठाउँ नेपालमा मैले अन्यत्र देखेको थिइनँ । हुनत म पहाड, मधेस र यस्ता उपत्यका हेर्दै नेपाल अधिराज्यका चौधै अञ्चल घुमिसकेको छु । तीमध्ये मलाई मन परेको ठाउँ गोठीचौर पनि एक भएको छ । गोठीचौरको मनोरम दृश्यमा सिँगौरी खेल्दै जाँदा त्यसवेला मैले भोग्नुपरेको सम्पूर्ण शारीरिक र मानसिक दुःखकष्ट झन्नैझन्नै बिर्सन पुगेको

थिएँ। एकातिर कर्णाली अञ्चलको सदरमुकाम जुम्ला त्यति पछौटे र अर्कातिर जुम्लाबाट तीन चार घण्टा हिँड्दा पुगिने त्यति सुकिलो ठाउँ भेट्टिनु मेरो लागि थप आश्चर्यजनक घटना थियो।

गोठीचौरमा पुगेपछि हामीले सर्वप्रथम भरत वनको लागि सुत्ने प्रबन्ध गऱ्यौं। त्यहाँ वनका साथी गणेश गुरुङ साथमै थिए। अनि हेमराज चापागाईं र म भेडीगोठका गोठालाहरूसँग गफ गर्न लागिपऱ्यौं। चापागाईं र मैले गोठमा नै बसेर एकएक माना दूध खायौं र हामीले त्यहाँबाट पाँचसात माना भेडाको दूध पनि लिएर आयौं। खानेकुरामध्ये खीर मलाई अति मन पर्ने पकवान हो। त्यस वेलासम्म मैले भेडाको दूधको खीर खाएको पनि थिइनँ। त्यसैले मेरै आग्रहमा त्यसरात हामी भेडाको दूधको खीर खाएर सुतेका थियौं। तर चापागाईं र मैले एकएक माना दूध खाएको एकाध घण्टापछि नै खीर खाएकोले होला मलाई त्यस रातभरि पखाला चलेको थियो।

राति निक्कैपटक पखाला चलेकोले भोलिपल्टको मेरो बिहान अत्यन्तै बोझिलो भएको थियो। त्यस निरासिलो बिहानीमै पनि हामीले हाम्रो बाटो लाग्नु नै थियो। त्यतिखेर जति हिँड्यो त्यति मेरा पिँडौला बाउँडिने गर्थे। मेरा बाउँडिएका पिँडौला सीधा पार्न म हेमराज चापागाईंलाई अनुरोध गर्थें। उनी पनि रातभरि पखालाकै शिकार भएकाले मेरो सहयोगमा उनको त्यति सारो दिलचस्पी जुट्न सक्ने परिस्थिति थिएन। यसै रीतले हाम्रो यात्रा उकालो बाटोतिर उक्लिरहेको थियो। गोठीचौरबाट हिँड्दै जाँदा हामी पाँचछ घण्टापछि बाटो बिर्सेर एउटा घनघोर कालो जङ्गलमा पुगेका थियौं। त्यस जङ्गलमा लाखौं जुकाहरू रहेछन्। त्यसवेला हाम्रा शरीरभरि जुका स्याउँस्याउँ उक्लिरहेका थिए। त्यतिखेर ती धापिएका जुकालाई औंलाले सोहरेर फाल्नु सम्भव नै थिएन। ती जुकालाई एउटा सिर्किनाले खग्रेर फाल्नुपर्थ्यो। त्यतिखेर एकपल्ट जुका सोहर्दा हाम्रा पिँडौला र तिघ्राबाट करीब आधा माना जति जुका झर्ने गर्थे। हाम्रो शरीरको कम्मरदेखि उँधो जुकाको घारी नै देखिन्थ्यो। अनि रक्ताम्य पिँडौला, तिघ्रा र खुट्टा देख्दैमा मेरो शरीर नै कम्पित हुने गर्थ्यो। ओहो, जुका पनि यतिविघ्न हुँदा रहेछन्! अफ्रिकाको जङ्गलमा मानिसको रगत तान्ने वनस्पति हुन्छन् भन्ने मैले सुनेको थिएँ। ती वनस्पतिले मानिसलाई आफ्ना लहराले बेरेर क्रमशः रगत चुस्ताचुस्तै मानिसको मृत्यु हुने कुरा जुकाआतङ्कमा परेको घडी मेरो स्मृतिमा आएको थियो। 'अब यस्तै हो भने यी जुकाले रगत चुस्ताचुस्तै हाम्रो पनि के गति हुने हो ... !' –सम्भावित अनिष्टले म निकै भयभीत पनि भएको थिएँ। तर त्यतिखेरै मेरो मनमा रुक्सेकमा राखिएको आइडिनको सम्झना आयो। अनि मैले बोतलको आइडिन मेरो तिघ्रादेखि खन्याउन थालें। त्यसपछि जुकाहरू स्वात्तै झर्न थाले। साथै त्यो औषधि मैले सबै साथीहरूमा पनि प्रयोग गरें। त्यतिवेलै हामीले पारिपट्टि घमैलो चौर देख्न पुग्यौं र हामी त्यतैतिर लम्क्यौं।

oooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooo

## सात

जुम्लाको गोठीचौरबाट हिँडेपछि नै हाम्रो यात्रा अनकन्टार हुन थालेको थियो। त्यतिवेला आकाशे झरीबादलले बाटोमा अवरोध तेर्साउने धृष्टता गरेको नियमसङ्गत प्राकृतिक अर्घेलो पनि छँदैथियो, त्यसमाथि हामी ठाउँठाउँमा आफु हिँडिरहेको बाटो नै भुल्ने गर्थ्यौं। त्यहाँका घनघोर वनजङ्गलमा बाघ, भालु, चितुवाहरू पनि प्रशस्तै थिए भन्ने पनि हामी वेलामौकामा सुन्ने गर्थ्यौं। तैपनि हाम्रो बाँच्ने भाग्य त्यहाँ कुनै पशुले पनि खोस्न सकेको थिएन। त्यस डरमर्दो परिस्थितिबाट पार भएर गोठीचौरबाट हिँडेको चौथो दिन बेलुका हामी डोल्पास्थित काइगाउँ भन्ने ठाउँमा पुग्यौं। जाग्दुला तालबाट झरेको भेरीको शाखानदी तरेपछि हामी काइगाउँ पुगेका थियौं। काइगाउँ पुगेपछि हामीलाई आफुहरू बाँच्न सक्ने स्थितिमा नै रहेछौं भन्ने आशा पलाएको थियो। किनभने त्यो ठाउँ जुम्ला काटेपछिको सबैभन्दा सुगम गाउँ देखिन्थ्यो। काइगाउँ पुगेपछि भने हामी तीन भाइले ह्लुँ गाउँमा जानुपर्थ्यो। साथै गणेश गुरुङले चाहिँ दुनैमा कार्यसम्पादन गर्नुपर्ने थियो। त्यसैले हामी डोल्पाको दुनैबजारमा भेट गर्ने सल्लाहमा काइगाउँबाट गणेश गुरुङसँग छुट्टिएका थियौं। सोहीबमोजिम हामी तीन भाइ चाहिँ काइगाउँबाट छुट्टिएको भोलिपल्ट बेलुका कालिका गाउँको ह्लुँ भन्ने ठाउँ पुग्यौं। हाम्रो लक्ष्यविन्दु पनि त्यही ह्लुँ गाउँ नै थियो।

ईश्वरको अनुकम्पाले गर्दा ह्लुँमा हामीले साह्रै मिजासिला र सहयोगी घरबेटीको घरमा वास पाएका थियौं। यात्राको थकाइले गलेका हामी भोकको मारले झनै खङ्ग्रेका थियौं। नानीदेखि नै भात खाने बानी परेका हामी नेपालीको लागि भात नै त्राण हुन्छ। तर त्यहाँ पनि हाम्रो दुर्भाग्यको अन्त भएको थिएन। अर्थात् ह्लुँ गाउँमा कसै गरे पनि हाम्रो लागि चामलको जोहो हुनै सकेन। त्यसैले बाध्य भएर भोक मार्ने स्थानीय उपाय अवलम्बन गर्नुसिबाय हामीसँग त्यहाँ अर्को विकल्प थिएन। अतः भुङ्ग्रोमा पकाइएको फापरको ज्यादै खस्रो पीठोको रोटी र हरियो खुर्सानीको ढिँढीको मेजमानी

त्यसरात हाम्रो भागमा परेको थियो। 'भोक मीठो कि भोजन मीठो ?' भन्ने उखानको अर्थ बुझ्दै त्यतिवेला फापरको मोटो रोटी मीठो मानेर हामीले निलेका थियौँ। जे होस्, लड्दैपड्दै भए पनि काठमाडौँबाट जुन लक्ष्यले हामी हिँडेका थियौँ, त्यस उद्देश्यअनुरूप त्यस गाउँमा पुग्न सकिएकोले एक प्रकारले हाम्रो उद्देश्य पूरा भएको थियो। त्यसैले त्यस्तै खुराकमा पनि हामीले आत्मसन्तुष्टि बटुलेका थियौँ।

ह्लुँ भन्ने गाउँ देख्दैमा अत्यासलाग्दो थियो। वास्तवमा त्यतातिरका धेरैजसो भूभाग अचम्मकै देखिन्थे। कतिसम्म भने त्यहाँ प्रायः खुला आकाश देखिँदैदेखिँदैनथ्यो। जमीन फराकिलो भए तापनि दुईतीनतिरबाट पहाडले छोपिएकोले आकाशे भाग नै सानो देखिने गर्थ्यो। वास्तवमा त्यहाँ अनुमान गर्दा हेलिकप्टरसम्म पनि आकाशबाट छिरेर जमीनमा आउने ठाउँ देखिँदैनथ्यो।

भौगोलिक अवस्था जेजस्तो धरातलको भए तापनि त्यहाँ कुनैकुनै ठाउँको प्राकृतिक सीमा स्वर्गलाई लोभ्याउने खालको देखिन्थ्यो। त्यहाँका खोलानाला हेरेर म लोलाउने गर्थें, त्यहाँ हिँड्दाहिँड्दै देखिने ताल हेरेर म त्यहीँ बसिरहूँ जस्तै हुन्थेँ र त्यहाँ ठाउँठाउँमा देखिने हिमाल र त्यसका छेउछाउका हिउँविहीन शिखर हेरर म फेरि सपनामा हिँडेको अनुभूति सँगाल्ने गर्थें। त्यस्तो विकट दुर्गम ठाउँमा पनि त्यति राम्राराम्रा प्रकृतिका छटाहरू मुस्कुराएको देख्ता मलाई त्यहीँ बसेर जीवन भुक्तान गर्न पाए कस्तो हुन्थ्यो जस्तो लाग्थ्यो। त्यस्तो राम्रोराम्रो प्रकृतिलाई मेरा आँखाले चुम्बन खाँदानखाँदै फेरि त्यहाँको शिक्षा, स्वास्थ्य र जागरणको खडेरीमा मेरो मन भास्सिने गर्थ्यो। त्यति मात्र होइन, त्यस्ता राम्रा ठाउँहरूमा पनि हिँड्दै जाँदा भीरपहराबाट मान्छेहरू प्रायः लडेर पनि बेपत्ता हुने गर्दा रहेछन्। त्यतातिर पुगेपछि मैले अर्को के देखेँ भने त्यताका धराप साँघुबाट मान्छे पनि झर्ने सम्भावना देखिन्थ्यो, भीरबाट पनि उनीहरू झर्ने स्थिति पाइन्थ्यो र ठूलाठूला चट्टानबाट पनि मान्छेहरू झर्ने अवस्था आउँथ्यो। वास्तवमा त्यतातिर मान्छेहरू त्यसरी अकाल मृत्यु पनि मर्ने गरेको बेहोरा हामीले त्यहीँ पुगेर सुनेका थियौँ।

•

हामीले ह्लुँ गाउँमा तीन दिन बसेर निर्देशनअनुरूप हाम्रो कार्य सम्पन्न गरेका थियौँ। भात खान नपाए पनि घरबेटीको मायालु व्यवहारले हामी रमाएका थियौँ। वास्तवमा त्यहाँको छोटो बसाइको समयमा घरबेटीसँग मेरो मीठो साइनो पनि गाँसिएको थियो। त्यस घरका दम्पती पनि पच्चीसतीस वर्षका मात्र थिए। उनीहरू दुवैजना तमाखु हो वा गाँजा हो मैले थाहा पाइनँ; तर एउटा सुल्पामा हालेर पालैपालो तान्ने गर्थे। उनीहरूले त्यो अम्बल खाएको देख्ता मलाई शरम पनि लाग्थ्यो र मजा पनि लाग्थ्यो। साथै घरबेटी र मेरो राजनीतिक रुचि एकै प्रकारको थियो। उनी पनि सक्रिय रूपमा राजनीतिक गफ गर्ने युवक भएको मैले ठहर गरेको थिएँ। त्यसैले उनीसँग मेरो गफगाफ पनि प्रायः मिल्ने गर्थ्यो। मैले गफ गर्न थालेपछि घरकी माउ पनि दायाँबायाँ नहल्ली मेरा कुरा सुनिरहन्थिन्।

ह्लुँमा बसेको वेला मलाई एक प्रकारको आनन्द नै आएको थियो। त्यतिखेर घरबेटी दम्पतीले खास गरेर मलाई चाहिँ विशेष मन पराएको मैले अनुभूति सङ्गालेको थिएँ। किनभने म उनीहरूसँग पनि खुलस्तै भएर बोल्थेँ, हाँस्थेँ र घरिघरि रुन्थेँ। मलाई बोलिरहनुपर्थ्यो, अनि ती दम्पती मेरा कुरा सुनिरहने गर्थे। त्यसैले पनि होला हामी त्यस घरमा तीनदिन बस्ता प्रायः कहिले लोग्ने र कहिले स्वास्नी मलाई साथ दिइरहन्थे। कतिसम्म भने म बिहान दिसापिसाप गर्न पाखा जाँदा पनि उनीहरूमध्ये एकजना साथ लाग्थे र मुख धुन धारामा जाँदा पनि उनीहरूमध्ये एकजना मसँगसँगै हुन्थे। यसको प्रमुख कारण के रहेछ भने त्यहाँ भालुको जगजगी रहेछ। त्यसैले भालुको सम्भावित आक्रमणबाट मलाई जोगाउन ती दम्पतीहरू मेरा अघिपछि लागेका रहेछन्। त्यहाँको त्यति राम्रो जोडी छाडेर ह्लुँ गाउँसँग बिदा भई ह्लुँबाट हिँडेको तेस्रोदिन हामी तिब्रीकोट पुगेका थियौँ।

•

तिब्रीकोट पुरानो जिल्ला भए तापनि पछि चाहिँ डोल्पामै गाभिएको ठाउँ हो। तर पनि यसलाई तिब्रीकोट नै भन्ने गरिँदो रहेछ। त्रिपुरासुन्दरी माईको मन्दिर तिब्रीकोटमा नै रहेछ। अनि त्यो मन्दिर त्यस भेककै प्रसिद्ध मन्दिर रहेछ। त्यसवेला त्यसै मन्दिरभित्र हामीले हाम्रा झोलीतुम्बी बिसाएका थियौँ। वास्तवमा दुई दिनअघिदेखि हाम्रा पेटले अन्न नभेट्टाएका हुँदा त्यसदिन हाम्रा पाइलाले त्यहाँदेखि अघि सर्न मानेका थिएनन्। त्यसैले बेलुकाको घाम छँदै हामीले मन्दिरमा भारी बिसाएका थियौँ। त्यसपछि हामी चारो टिप्न तलतिर ओर्लेर गाउँमा पसेका थियौँ।

तिब्रीकोट गाउँ पनि एक प्रकारले उजाड नै देखिन्थ्यो। तिब्रीकोट भन्ने ठाउँका मान्छे जति रूखा देखिन्थे त्यस गाउँका बासिन्दाले त्यति नै अन्नको अभावबाट सास्ती पनि पाएका रहेछन्। त्यसैले त्यस दिनको हाम्रो बेलुकाको छाक पनि अन्नविना नै टरेको थियो। हामीसँग सिटामोल आदि साधारण औषधि थिए। हामीसँग ती साधारण औषधि भएको जानकारी पाएपछि त्यहाँका मान्छे

हामीलाई डाक्टर भन्ने गर्थे। त्यसपछि त्यहाँका बासिन्दाले हाम्रो स्वागतको लागि गाँजा र चरेस ल्याएका थिए। मैले जीवनमा चरेसको सर्को तानेको पनि त्यही पहिलो र अन्तिम घटना थियो। हामी त्यसरात आलुबखडा, स्याउ, दही र चरेस खाएर सुतेका थियौं। अन्नविहीन पेटमा चरेस खाएपछि काउकुती र कहाली लागेर आउँदो रहेछ।

एक निद्रा सुतेर ब्यूँझेपछि राति मलाई पिसाब लागेको थियो। त्यसघरि म एक्लै पिसाब गर्न बाहिर निस्केको थिएँ। जुनेली रात भएकोले बाहिर उज्यालो नै देखिन्थ्यो। तर म बाहिर निस्कँदाननिस्कँदै दुइटा बाघले मलाई एक्कासि झम्टेको मैले देखिहालेँ। त्यो दृश्य देखेपछि मेरो हंसले ठाउँ छोड्ने क्रम पनि जारी थियो। त्यसैले त्यहाँबाट म बुरुक्क उफ्रेर सुतेकै ठाउँमा फर्कें। म हाम्फाल्दै र आत्तिँदै पुगेको घटनाले भरत वन र हेमराज चापागाईं पनि निद्राबाट जुरुक्कै उठेका थिए। त्यसपछि मैले उनीहरूसामु यथार्थ विवरण प्रस्तुत गरेँ। मेरा कुरा सुनेर उनीहरू पनि डरले पानीपानी भए। अनि एकछिन शान्त बसेर हामी तीनैजना बिस्तारै च्याएर बाहिर हेर्न थाल्यौं। उनीहरूलाई मैले मन्दिर पस्ने दैलोछेउछेउमा ठिङ्ग उभिएका दुइटा बाघ देखाएँ। ती बाघहरू हेरेपछि उनीहरू मरीमरी हाँस्न थाले। वास्तवमा ती त मन्दिरमा नै राखिएका सिंहका मूर्ति पो रहेछन्। त्यो बेहोरा प्रमाणित भएपछि म पनि पेट मिचीमिची हाँसेको थिएँ।

•

भोलिपल्ट मिरमिरेमै त्रिपुरासुन्दरी माईको पुनः दर्शन गरी हामी त्यहाँबाट बिदा भएका थियौं। अनि हस्याङफस्याङ गर्दै, ललाकलुलुक भएको शरीर झड्कार्दै दुनैबजार पुग्ने उद्देश्यले हामी सुस्तरी अगि बढेका थियौं। केही दिनअघिदेखि पेटमा अन्न नपरेर होला त्यतिखेर मेरा खुट्टा चाहिँ लुगलुग काम्दै थिए। त्यसो त जुम्लाको गोठीचौरपछिको यात्रामा सबैभन्दा राम्रो बाटो त्यहीँको थियो। दुईतिरका डाँडाका कापबाट हामी हिँडिरहेका थियौं र कापको फेदमा भेरी नदी सुसाइरहेको पाइन्थ्यो। त्यति राम्रो ठाउँबाट बिस्तारै हिँड्दा पनि दिउँसो दुई बजेतिर हामी डोल्पाको दुनैबजार पुगेका थियौं। दुनैमा हामीलाई गणेश गुरुङ बाटो हेरिरहेका रहेछन्। आफ्नै नेपाली भूभागमा पनि भाषा, चालचलन र बानीबेहोरले गर्दा बिराना लागेका मानिसहरूमाझ हामी चारजना मात्रै पूर्वपरिचित, आफन्त र एकअर्काका सहयोगी पनि थियौं। त्यसैले हामीसँग केही दिनअघिदेखि छुट्टिएका गणेश गुरुङलाई दुनैबजारमा भेट्दा हाम्रो खुशी चुलिएको थियो। भरत वन, हेमराज चापागाईं र म सँगसँगै भयौं र हामी साथीभाइ न्यास्रोले त्यति सारो रुखिएका थिएनौं, तर गणेश गुरुङ त बबुरो अन्जान र अनकन्टार बिरानाहरूबीच एक्लै बसेका थिए। त्यसैले त्यसबखत उनका आँखाले हामीलाई अत्यन्तै सौहार्दसाथ स्वागत गरेको मैले महसूस गरेको थिएँ।

oooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooo

## आठ

एउटा सानो खोँचभित्र डोल्पा जिल्लाको सदरमुकामको रूपमा दुनैबजार विराजमान रहेछ। त्यहाँको भौगोलिक स्थिति नै दुनोको आकार जस्तो रहेछ। दुनो झैं देखिने उक्त बजारमा एउटा सानो कोप्चाभित्र पन्ध्रबीसओटा घरहरू रहेछन्। त्यसैलाई दुनैबजार भनिँदो रहेछ र त्यो बजार नै डोल्पा जिल्लाको सदर मुकाम रहेछ। वास्तवमा झट्ट हेर्दा भने त्यो ठाउँ त्यसरी सदरमुकाम नै हुने ठाउँ जस्तो देखिँदैनथ्यो। यति हुँदाहुँदै पनि त्यहाँको छार्काभोटको अनुकूल पारेर दुनैलाई सदर मुकाम बनाइएको रहेछ भन्ने कुरा पनि हामीले त्यहीँ गएर थाहा पाएका थियौं।

डोल्पाका मान्छेहरू पनि कालीकोट र जुम्लाका झैं प्रायः काला देखिन्थे। त्यहाँका मान्छे लुगा पनि कालै लगाउँथे। उनीहरू घरमा लालटिन, कुपी र मैन नबाली दियालो मात्र बाल्थे। त्यहाँ साबुन काठमाडौंको भन्दा पाँच दोब्बर महँगो थियो। त्यसैले त्यहाँका धेरैजसो मान्छे नुहाउन र लुगा धुन त्यति रुचाउँदैनथे। यिनै कारणले गर्दा त्यहाँका मान्छे प्राकृतिक रूपमा काला नभएर कृत्रिम रूपमा काला देखिएको बेहोराको मैले मेरो मनमा साँधी लगाएको थिएँ।

हामी पुगेताका डोल्पामा स्याउ पाक्ने मौसम थिएन, अतः तिब्रीकोटमा झैं डोल्पामा पनि हामीले अलिअलि टर्रा र अमिला स्याउ खानुपर्‍यो। त्यसवेला त्यहाँका बासिन्दाहरू पनि स्याउखेतीतर्फ आकर्षित भएको जानकारी मैले त्यसैवेला पाएको थिएँ। अशोककुमार हमालले पनि दुनैमा स्याउखेती गरेका रहेछन्। हमाल त्यतिखेर गाउँफर्क राष्ट्रिय अभियान डोल्पा जिल्लाका सदस्यसचिव थिए। उनीसँग काठमाडौंमै मेरो चिनजान भइसकेको थियो। त्यसैले डोल्पाको अतिथिगृहमा दुई दिन बस्ता दिउँसोदिउँसो हमालकै घरआँगनमा बसेर हामीले स्याउ खान पाएका थियौं। त्यहाँ अशोक दाइ र उनकी बहिनी गणेशकुमारी हमालले हाम्रो स्वागत गरेका थिए। अशोक दाइसँग मेरो सिद्धान्त मिल्थ्यो,

मन मिल्थ्यो र कुराकानी पनि मिल्थ्यो। उनीभित्र मान्छेलाई माया गर्ने विशेष गुण थियो। त्यसैले त्यसवेला म उनैको मायामा लुटपुटु थिएँ। हमाल दाइको माया र उनका बारीका स्याउ मेरो लागि बिर्सिनसक्नु भइसकेका थिए। हमाल दाइको बारीको प्रत्येक स्याउको बोट लटरम्म फलेका दानाहरूले नै नुहाउन बाध्य देखिन्थ्यो।

दुनैबजारमा हामीले भोजन पनि गरेका थियौँ। तर त्यो भोजन हामीले ज्यादै नारकीय ढङ्गबाट गरेका थियौँ। भनौँ– आँखा चिम्लेर भात खानुपर्ने बाध्यताको सिर्जना जुम्लामा झैँ डोल्पाका होटलमा पनि भएको थियो। उसिना चामलको भातमा झिँगा झनै सर्लक्कै मिसिएका देखिन्थे। भात खान बसेपछि थालमा पस्किएको भातबाट झिँगा निफन्दै फाल्नुपर्थ्यो। त्यसै गरी दाल र तरकारीमा पाकेका झिँगा पनि हातले झिक्तै फाल्नुपर्थ्यो। डोल्पामा झिँगा जुम्लामा भन्दा पनि झन्डै दोब्बरतेब्बर थिए। फोहरको हिसाबमा पनि जुम्लाभन्दा डोल्पा अझै फोहरी ठाउँ देखिन्थ्यो। त्यसवेला चारपाँच दिनपछि मात्र भात खान पाइएकोले घिनाईघिनाई भए पनि मैले केही गाँस मुखभित्र हालेको थिएँ। वास्तवमा मैले सिकसिको मानीमानी र वाकवाकी गर्दै भए पनि साथीहरूसँग दुनैबजारमा चार छाक भात खाएको थिएँ।

दुनैबजारमा मलाई अर्को अचम्म लाग्यो। कुरा के भने– त्यस्तो विकट ठाउँमा पनि मम बेचिँदो रहेछ। होटलमा पसेर मैले एक प्लेट मम मगाएँ। तर म ममको दाना मुखमा हालेर चपाउँदानचपाउँदै थुकिहाल्न विवश भएँ। त्यस्तोविधि दडदडती गनाएको मम पनि मजाले खाने मान्छे पनि मैले मेरै अगाडि देखेको थिएँ।

दुनैबजारको सबैभन्दा ठूलो विशेषता के थियो भने त्यहाँका धेरैजसो मान्छेका मुखभरि झिँगैझिँगा बसेको देखिन्थ्यो। झिँगा टपक्कै टाँस्सिएर बालबच्चाका मुख त कालै देखिन्थे। बूढापाका मानिसहरू पनि अनुहारभरि झिँगा बोकेर हिँडेका देखिन्थे। एकदुई ठाउँमा त मान्छेका अनुहारमा झिँगा ढपक्कै ढाकिएका पनि देखिन्थे। अशोककुमार हमालका अनुसार त्यहाँ दुईजना सम्धी बसेर कुरा गर्नुपर्दा दुवैले आआफ्ना हातमा रूखका मसीना हाँगाका झ्याम्टा (पङ्खा) बोक्नुपर्छ। अनि एकअर्कामा संवाद आदानप्रदान गर्नुपर्दा एउटा सम्धीले अर्को सम्धीको मुखका झिँगा झ्याम्टाले हम्की धपाउनुपर्छ। त्यसो भएमा नै गफ गरियुन्जेल सम्धीसम्धीको मुख देखिन्थ्यो।

दुनैबजारका मानिसहरूको फोहरी रहनसहनले गर्दा मलाई विरक्ति लागेको थियो। त्यतिखेर म उनीहरूका कुराकानी बुझ्न खोज्दा पनि राम्रोसँग बुझ्न सफल भइनँ। वास्तवमा एउटै मुलुकभित्रका र एउटै राष्ट्रियतामा बाँचेका जनताको हालत पनि फरकफरक हुँदो रहेछ भन्ने कुराको ज्ञान मैले त्यसैवेला मात्र पाएको थिएँ। हाम्रो देशका दुर्गम स्थलका जनताको बँचाइ र दयनीय जीवनस्तर देखेर म छक्कै परेको थिएँ। त्यसवेला मलाई लागेको थियो– जसरी हामी काठमाडौँको जीवनशैलीमा बाँच्नेहरू अमेरिकाको वासिङ्टन डी.सी.को जीवनशैलीको कल्पना गर्न सक्तैनौँ त्यसरी नै जुम्ला र डोल्पाका नागरिकले काठमाडौँका नागरिकको जीवनयापनको कल्पनै गर्न नसक्ने रहेछन्। काठमाडौँसँग टाढाको साइनो राख्ने पूर्वी पहाडसँग सुदूर पश्चिमको कुनै तालमेल मिल्न नसक्ने निरीह अवस्था देख्दा मलाई त्यसबखत आफु नेपाली भएकोमा पनि वैराग्य लागेर आएको थियो। पछि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को मेरो कार्यसन्दर्भबारे कुरा हुँदा यही कुरा मैले परिषद्का अध्यक्ष श्री ५ बडामहारानी ऐश्वर्यसमक्ष पनि बिन्ती जाहेर गरेको थिएँ। त्यतिवेला मैले रानीलाई मेरो अनुभव सुनाउँदा रानीकै छेउमा बसेका कालीप्रसाद रिजाल, सागरप्रसाद तिमिल्सिना, लोकभक्तशमशेर ज.ब.रा., इन्द्रविक्रम शाहहरू पनि छक्कै परेका थिए। त्यसो त दुनैबजारको प्रकृति चाहिँ अत्यन्तै मनोमोहक थियो। दुनैको बीचमा भेरी नदी बगेको दृश्यले पनि त्यस ठाउँलाई विशेष रमणीय बनाएको थियो। वरिपरि मानवकृत वातावरणीय फोहरले घेरिएको भए पनि प्रकृतिले दुनैलाई माया गरेकै देखिन्थ्यो। भौगोलिक अवस्थाले गर्दा भने त्यस ठाउँलाई एकादेशको दन्त्यकथामा वर्णित दुर्गमभन्दा पनि दुर्गम ठाउँ नमानी सुखै थिएन।

•

डोल्पामा दुई दिनको पीडादायक बसाइपछि तेस्रो दिन हामीले आफ्नो गन्तव्यतिर बाटो तताएका थियौँ। घर फिर्ने कार्यक्रम तय भएपछि हामी दुनैबजारबाट उपल्लो दुनैगाउँतिर लाग्यौँ। त्यहाँबाट भेरी नदीको काठे पुल तरेर भेरी नदीलाई दायाँ पारेर हामी बगर पुग्यौँ। वास्तवमा त्यस भेरीलाई मैले तिब्रीकोटबाट दुनै आउँदा र दुनैबाट शहरतारा उक्लँदा कलकल र छमछम गर्दै बहने हिउँको प्रतिरूप देखेको थिएँ। त्यस भेरीकै अर्को पुल तरेर हामी शहरतारा गाउँतर्फ लागेका थियौँ।

एकदिन पूरै नाक ठोक्किने उकालो हिँडेपछि हामी बेलुकातिर डोल्पाकै शहरतारा भन्ने ठाउँमा पुगेका थियौँ। शहरतारालाई डोल्पाको पेरिस भनिँदो रहेछ। किनभने शहरतारा त्यस भेककै स्वर्गको रूप मानिँदो रहेछ। शहरतारा जुम्ला जस्तो पनि थिएन र दुनैबजार जस्तो पनि थिएन, त्यो निकै सफा ठाउँ थियो। त्यस्तो सफा ठाउँमा बसेर त्यससाँझ हामीले त्यहाँको प्रहरी कार्यालयमा अत्यन्तै उच्च

कोटिको बेलुकाको भोजन गरेका थियौँ । साँच्चै भन्ने हो भने काठमाडौँबाट हिँडेपछि हामीले राम्ररी दालभात र तरकारी खाएको ठाउँ पनि त्यही शहरतारा नै थियो । साथै त्यहाँको सुत्ने ठाउँ पनि त्यति नै आरामदायी थियो । शहरताराका प्रहरीको भव्य मेजमानबाट हामी ज्यादै हर्षित थियौँ । एक रात नै भए तापनि हामीले त्यहाँ राम्रो सुखसुविधा भोगेका थियौँ । ठाँगेमा लेक लाग्छ भनेर मैले राति नै शहरतारामा नै अदुवा र चिनीको बन्दोबस्त पनि गरिसकेको थिएँ ।

ooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooooo

## नौ

ठाँगे भन्नु डोल्पा भेकको एउटा निकै नामी लेक रहेछ । हामीले त्यस लेकको विषयमा हलुँदेखि नै राम्ररी सुन्न थालिसकेका थियौँ । त्यसैले हामी त्यो लेक उक्लन आआफ्नो धैर्य कस्ने हिसाबमा नै बाँधिएका थियौँ । अनि त्यसदिन ठाँगे उक्लने क्रममा बिहान पाँच बजे नै हामीले शहरतारा छाडेका थियौँ । ठाँगे पुग्न शहरतारादेखि अर्को नाक ठोक्किने ठाडो उकालो उक्लनुपर्दो रहेछ । वास्तवमा त्यसदिन हामीलाई एकोहोरो हिँडिरहनुपर्ने बाध्यता थियो, अर्थात् त्यो दिन हाम्रो यात्राभरिको सबैभन्दा कष्टपूर्णको हिँड्नुपर्ने दिन थियो । त्यसैले हामी आआफ्नो साहस र बुताको प्रयोग गरी ठाँगेतिर उक्लिरहेका थियौँ । अनि करीब दुई बजेतिर हामीले ठाँगेको इलाका छोएका थियौँ ।

मैले ठाँगेको अर्थ थाहा नपाए तापनि ठाँगेको उखान त मैले बाल्यकालमा नै मेरी आमाबाट सुनेको थिएँ । उदाहरणको लागि भन्ने हो भने त्यसवेला मलाई भोटोमाथि दौरा लगाइदिँदै मेरी आमा भन्ने गर्थिन्– ‘तँलाई अब जाडो हुँदैन । यस्तो बाक्लो लुगा लाएपछि कुन ठाँगेले छुन्छ र !’ वास्तवमा जुनवेला म ठाँगे उक्लेको थिएँ त्यसैवेला मलाई लाग्यो त्यही डरलाग्दो उकालो, अत्यासलाग्दो बतास र मुटु छेड्ने जाडो नै ठाँगे रहेछ, अर्थात् यो त्रिवेणीले ठडचाएको शहरताराको शिखर नै ठाँगे रहेछ । ठाँगेको प्रसङ्गमा अशोककुमार हमालले हामीलाई दुनैमा नै भनेका थिए– ‘ठाँगेको लेकमा मान्छे हिँड्दाहिँड्दै अररो भएर उभिएको उभिएकै हुन्छ ।’ अथवा त्यहाँ मान्छेलाई लेक लागेपछि उ बाँच्तैन । ती संवादले पनि म बाटोभरि आक्रान्त भइरहेको थिएँ ।

ठाँगेबाट हामीले दुनैबजार देखेका थियौँ । हामीले दुनैबाट पनि ठाँगे देखेका थियौँ । तर ठाँगेबाट चाहिँ दुनै अझै राम्रो देखिँदो रहेछ । जब हामी ठाँगेको जङ्गलाधुरी पुगेका थियौँ तब मात्र थाहा पाइयो त्यहाँ बेजोडले बतास चलिरहँदो रहेछ । मैले जीवनमा त्यतिको तेजिलो बताससँग कहिल्यै सामना गर्नुपरेको थिएन । वास्तवमा त्यसवेला ठाँगेको बतासले मलाई कायलै पारेको थियो । दह्रो चालले खुट्टा नटेक्ता बतासले पछार्ला भन्ने डर पनि त्यतिवेला मभित्र पसिसकेको थियो । त्यहाँको बतास अत्यन्तै चिसो थियो । त्यो चिसो बतासले मेरो शरीर कठाङ्ग्रिएको कठाङ्ग्रिएकै थियो । त्यसवेला जाडोले म लुगलुग कामेको पनि थिएँ । त्यसवेला मेरा साथीहरूको पनि हालत मेरै जस्तो दयालाग्दो भएको थियो । साथै अक्सिजनको अपर्याप्तताले गर्दा त्यहाँ हामी त्यतिसारो हिँड्न नै सकिरहेका थिएनौँ । तर जसरी भए पनि हामीले त्यो बाटो छिचोल्नु नै थियो । त्यसैले कष्टसाथ भए पनि हामी हिँड्दै थियौँ । तर हिँड्दाहिँड्दै अचानक हामी त्यहीँ थुचुक्क बसेका थियौँ र केही बेरमै चौरमा लम्पसार परी आकाशपट्टि फर्केर सुतिरहेका थियौँ । त्यसैवेला मेरा ओठ पनि पर्लकपर्लक भएर पल्टन थालेका थिए, मेरा आँखा पनि भतभती पोलिरहेका थिए र सास फेर्न पनि मलाई निकै असजिलो भइरहेको थियो । त्यसपछि क्रमश: मेरो बोली नै पनि फुट्न छाडेको थियो । त्यतिखेरसम्ममा मेरा साथीहरू पनि शिथिल हुने क्रममा थिए । एकछिनअगिसम्म बोलिरहेका गुरुङ, वन र चापागाईंको स्वर पनि बन्द भइसकेको थियो । वास्तवमा त्यतिखेर हामी सबैलाई लेकले कज्याइसकेको रहेछ । त्यसरी लेकले कज्याउनै आँटेको वेला पनि मेरो छैटौँ इन्द्रियले मलाई जागरित गराउन खोजेको थियो । ‘लेक लागेपछि अदुवा वा चिनी खानुपर्छ’ भन्ने मैले सानैमा मेरी आमाबाट सुनेको थिएँ । मेरो किशोरावस्थामा हामी पहाडबाट मदेस झर्दा पाँचथरको लालीखर्क कटेपछि सुकेपोखरी भन्ने ठाउँमा लेक लाग्छ भनेर हामीले अदुवा खाने गरेको कुरो त्यतिखेर पनि झट्ट मेरो सम्झनामा आएको थियो । वास्तवमा यस्तै पर्न सक्छ भनेर नै शहरतारामा मैले अदुवा र चिनी बोकेको भन्ने त्यतिखेरै मैले सम्झेँ । त्यसवेला मेरो चेतनामा त्यो कुरा आइदिनाले म सकीनसकी झोलाबाट अदुवा निकालेर चपाउन थालेँ र साथै चिनी निकालेर फाँको मार्न थालेँ । त्यसपछि मलाई सास फेर्न त्यति अप्ठचारो भएको महसूस भएन । आफुलाई अलि सजिलो हुनासाथ मेरो दलका गुरुङलगायत वन र चापागाईंका मुखमुखमा पनि मैले अदुवा र चिनी हालिदिएँ । त्यसपछि हामीलाई केही आराम भएकोले केही बेरपछि नै हामीले सुस्तरी आफ्ना पाइला अगाडि बढाउन पायौँ ।

त्यतिखेर हामी ठाँगेमा कछुवाको तालमा पाइला चाल्दै थियौँ । यसरी निकै कष्ट खेपेपछि मात्र म पनि ठाँगेको टुप्पोमा चढ्न सकेको थिएँ । अठार हजार फिटको उचाइ नाघेर ठाँगेको टुप्पोमा

पुगेपछि भने मभित्र अर्कै रौनक जम्न थालेको थियो। भनौं– त्यसवेला म ज्यादै फुर्तिलो भएको अनुभूति मभित्र प्रतिविम्बित भएको थियो। त्यसदिन ठाँगे उक्लेपछि मलाई जीवनको अर्को एउटा स्मरणीय रमाइलो लागेको थियो। साँच्चै भन्ने हो भने त्यसवेला मलाई एउटा कठोर प्रतियोगितामा प्रथम भएझैं लागेको थियो। गणेश गुरुङ, भरत वन र हेमराज चापागाईं पनि ठाँगेको टुप्पो पुगेपछि रमाएका थिए।

ठाँगे काटेपछि घोडाङचौर आउँदो रहेछ। त्यो ठाउँ भन्नु चौर नै चौरले सजिएको ठाउँ रहेछ। चौर पनि हरियो र मिलेको देखिन्थ्यो। अर्थात् त्यो चौर पनि एउटा कुशल मालीले सम्याएको बगैंचा जस्तो देखिन्थ्यो। प्रकृतिको बनोटले नै त्यो चौर आकर्षक रूपमा स्थापित भएको थियो। वास्तवमा त्यस चौरमा पुग्नुअघि हामीले जति शारीरिक कष्ट पाएका थियौं त्यहाँ पुगेपछि भने हामीले मानसिक आनन्द पनि त्यति नै समेटेका थियौं। त्यसै चौरमा हामीले लडीबुडी खेलेर केही छिन भए पनि रमाइलो मनाएका थियौं।

घोडाङचौरपछि पुर्वाङको ओरालो ओर्लनुपर्दो रहेछ। तीनचार घण्टा तलतलै झरेपछि हामीले पुर्वाङको खोलो तरेका थियौं। खोलो तर्दानतर्दै हामीले फेरि पानीढालको ठाडो उकालो उक्लनुपरेको थियो। हामी उक्लँदै जाँदा माथिमाथि पाटनैपाटन हाम्रा पाइला उचालिइरहेका थिए। वास्तवमा त्यसदिन फेरि हामी बीस हजार फिटको उचाइमाथि उक्लिसकेका थियौं। त्यति माथि पुगे पनि हामीलाई त्यस ठाउँमा ठाँगेको जति जाडो चाहिँ भएको थिएन। त्यस ठाउँमा मान्छे लेक लागेर पनि मर्थे अरे। तर किन हो कुन्नि हामीलाई त्यहाँ लेक पनि लागेन।

त्यतातिरको त्यो अप्ठ्यारो बाटो जति हिँडे पनि टुङ्गिँदैनथ्यो। त्यस बाटामा हामी दुई दिनसम्म हिँड्दा पनि एउटै गाउँ पनि भेट्टाउन सकेका थिएनौं। बरु पानीढाल लेकमा पुग्न थाल्दा चाहिँ हिउँ भेट्टिन थालेको थियो। त्यसपछि हामी हिउँ कुल्चेर ठाडो ओह्रालो झर्न थालेका थियौं। मैले जीवनमा प्रथमपटक हिउँ टेकेको पनि त्यही थियो। त्यसैले हिउँ कुल्चँदा मलाई बेग्लै आनन्द लाग्थ्यो, रमाइलो र खुशी पनि लाग्थ्यो। त्यसवेला हिउँबाट चिप्लेर पछारिँदा पनि मलाई रमाइलो नै लागिरहेको थियो। प्रायः हामी सबैजनालाई त्यहाँको बाटोले चिप्लेटी खेल्दै हिँड्नुपर्ने बाध्यता खोलिदिएको थियो।

त्यसो त हामी नेपाली हिउँको बेस्सरी धाक दिन्छौं। भनौं– हिमालको नाउँ बेचेर हामी विदेशी मान्छेलाई उल्लीबिल्ली पार्छौं। हामी हिमालको काखमा छौं भनेर नाक फुलाउँछौं। तर हामी टाढाबाट आँखाले मात्र हेरेर हिउँको वर्णन गर्छौं। मैले पनि पानीढालको हिउँ नटेकेको भए मलाई जीवनमा वास्तविक हिउँको अनुभूति नै हुने थिएन। यस्तै हिमालको काखमा जन्मेकी कवयित्री सरला श्रेष्ठले पनि संयुक्त राज्य अमेरिकामा पुगेर मात्र हिउँ टेकेकी थिइन् अरे। बहिनी सरलाले मलाई एक पटकको चिठीमा हिउँकै प्रसङ्ग पनि लेखेकी थिइन्– 'हिमालैहिमाल भएको देशमा जन्मे पनि हिउँ भने मैले पहिलोचोटि अमेरिकामा नै आएर टेकें।' वास्तवमा उनको त्यो चिठी मौलिकताले सिञ्चित थियो। त्यस चिठीभित्र यथार्थ, साँचो र वास्तविक तथ्यले प्रवेश पाएको थियो। अर्थात् उनको चिठीमा मैले अझै सिक्नुपर्ने, बुझ्नुपर्ने र जान्नुपर्ने एउटा पाठ थियो।

जे होस्, जीवनमा यात्रा जारी रह्यो भने हिमशिखरसम्म पुग्न नसकिए तापनि हिउँको पहाडमा हिँड्न चाहिँ पाइँदो रहेछ। त्यसबखत एउटा बाध्यतामा डोल्पा हिँडे तापनि हामीले थुप्रै रहर पूरा गरेका थियौं। जमीनमा भरिएको हिउँको थुप्रोले हामीलाई चिप्लाइदिए तापनि त्यो हाम्रो लागि मीठो अनुभूति थियो। ठाँगे लेकको अग्रज पानीढालमा पुगेर हिउँमा चिप्लेटी खेल्दैखेल्दै हामी त्यसदिन ओह्रालो लागेका थियौं। वास्तवमा हाम्रो यो चिप्लिखेलाइ जानाजान भएको थिएन। हिउँमा हिँड्न नजानेपछि प्लितप्लित चिप्लिँदो रहेछ। यसरी चिप्लँदैचिप्लँदै हामी पानीढाल लेक ओर्लेर जतिजति तल झर्थ्यौं त्यतित्यति मेरा पिँडुलाका मुस्लो दुखेर म रुने गर्थें। त्यतिखेर मेरा आँसुले यामाखार गाउँदेखि, पिल्मा गाउँ, कामी डाँडा हुँदै घुस्तुङ खोलो नै भिजाएको थियो। त्यो घुस्तुङ खोला भनेको चाहिँ कुनैदिन के.आइ. सिंहले पनि तर्न नसकेको खोला रहेछ। डा. के.आइ. सिंह त्यही खोलो तर्न नसक्दा डोल्पा आउन नसकेका रहेछन्। अनि उनी त्यतिवेला मुस्ताङको बाटो हुँदै चीन पुगेका थिए रे!

बागलुङतिर जाने क्रममा हामीलाई दुनैमा अशोककुमार हमालले बाटोमा चारपाँच दिनसम्म वास पाइँदैन भनेका थिए। त्यस बीचमा भेडीगोठ भेट्टिएन भने रूखका फेदमा वास बस्तै ढोरपाटन पुग्नुपर्छ भन्ने अशोक दाइले हाम्रो मानसिकता तयार गराएका थिए। त्यसैले हामी बाटाभरि आत्तिँदै पाइला चलाउने गर्थ्यौं। हामी एकअर्काबीच बाटोमा वास नपाइनुको पीडा बाँड्दै खुट्टा फट्कार्दै हुन्थ्यौं।

हामी त्यतिवेला घुस्तुङ खोलाबाट ठाकुरगोठ पुगेका थियौं। ठाकुरगोठ पनि एउटा उपत्यका रहेछ। त्यस उपत्यकाको दृश्यावलोकन गरेर हामी फागुनेधुरी उक्लेका थियौं। फागुनेधुरी पनि झन्नै बीस हजार फिटको उचाइमा भएको बेहोरा हामीले थाहा पाएका थियौं। त्यो ठाउँ पार गरी त्यसरात हामी एउटा भेडीगोठमा पुगेका थियौं।

भेडीगोठमा पुगेपछि मलाई कुकुरदेखि डर लागेको थियो। मैले त्यति ठूलो कुकुर कहिले पनि देखेको थिइनँ। कुकुर पनि गाई जस्ता ठूला थिए। ती कुक्कुर ठूलाठूला फलामका साङ्लाले बाँधिएका थिए। तर तिनीहरूले भुकेपछि सातै उड्ला जस्तै हुन्थ्यो। त्यसरात गोठालाहरूलाई फकाएर हामी त्यहीँ वास बसेका थियौँ। त्यस रातको हाम्रो खाना फापरको ढिँडो र भेडीको दूध थियो। पानी सिमसिम परेकोले त्यसरात जाडोजाडो पनि थियो। असारसाउनमा पनि त्यसरी जाडो हुन्छ भन्ने मलाई लागेको थिएन। तर जाडो भए तापनि गोठालाहरूको सौजन्यले त्यसरात हामी स्वादले खाना खाएर सुतेका थियौँ। त्यस रातभर सिमसिम पानी परेको थियो। साथै बिहानपख भने पानी दर्कन नै लागेको थियो। हामी अल्छी लाग्दालाग्दै पनि त्यस ठाउँबाट अगि बढेका थियौँ। अनि मध्याह्नमा हामी धौलागिरि हिमालको कापमा पुगेका थियौँ। विशाल धौलागिरिलाई देब्रेपट्टि पारेर हामी रातिसम्म पनि हिमालको कापैकाप हिँडिरहेका थियौँ। त्यसरात पनि हामी भेडीगोठमै वास बसेका थियौँ।

त्यहाँको प्रचलनअनुसार त्यतातिर भीरबाट लडेर मरेको भेडा मात्र मान्छेले खाँदा रहेछन्। त्यस बेहोराले त्यतातिर मलाई मासु खान वञ्चित गराएको थियो। त्यसैले गोठमा मैले त्यसरात आफ्नो इच्छाले ढिँडो र भेडाको दूध खाएको थिएँ भने मेरा साथीहरूले चाहिँ भेडाको मासुसँग ढिँडो खाएका थिए। खाना खाएर म चाहिँ आगो ताप्न थालेको थिएँ। त्यसवेला मेरा साथीहरू भने मासुका चोक्टा लुछिरहेका थिए। मासु खाने क्रममा हेमराज चापागाईंले भनेका थिए– 'कस्तो चुइङगम जस्तै मासु रहेछ, टोकिँदो पनि रहेनछ।' मासु र ढिँडो खाँदाखाँदै भरत वनले चाहिँ मासु गनाएको रहेछ भनेर बीचैमा छाक छोडेका थिए। त्यसपछि हेमराज चापागाईंले पनि भरतसँगै सार मिलाएर हात धोएका थिए। तर गणेश गुरुङ भने निकै बेरसम्म मासु लुछ्तै थिए। अनि केही छिनपछि गुरुङले वाकवाकी गरेको दृश्य म हेरिरहेको थिएँ। तुरुन्तै गुरुङले आफुले खाएको सबै कुरा वाकवाकी गर्दै बाहिर निकालेका थिए। छादिसकेपछि गुरुङ भन्दै थिए– 'छिः कस्तो गनाउने मासु रै'छ।' गुरुङका कुरा सुनेपछि म राति निकै बेरसम्म हाँसिरहेको थिएँ। मैले हाँसेको हाँसोमा वन र चापागाईंले पनि सार मिलाएका थिए। हामी सबै हाँसेपछि गणेश गुरुङ पनि मजाले हाँसेका थिए।

## दश

भोलिपल्ट पनि हामी सबेरै यात्रामा संलग्न भयौँ। त्यसदिन खुट्टा सुन्निएर मलाई भुइँ टेक्नसम्म पनि अप्ठयारो भएको थियो। त्यसदिन खुट्टा खोच्याङखोच्याङ गर्दै म साथीहरूको पछिपछि हिँडिरहेको थिएँ। शायद त्यतिखेर मेरा खुट्टामा आँखा भएका भए आँसुले एक गाग्री भरिन्थ्यो होला। त्यसदिन मेरा खुट्टा अतिसारो दुखेका थिए। वास्तवमा त्यस दिनको स्मृतिले पछिपछिसम्म पनि मलाई त्यसै क्षणमा पुऱ्याउने गर्थ्यो। तर त्यस्तो समयमा पनि शारीरिक कष्टलाई नयनमा टाँस्सिएका दृश्यले जित्लान् जस्तो भएको थियो। अर्थात् त्यहाँको प्राकृतिक सुन्दरताले मलाई मुग्ध चाहिँ पारेको थियो। बिहानको कलिलो र न्यानो घाम ताप्तै हामी फागुने लेककै बाँकीबक्यौतो ओह्रालो ओर्लिरहेका थियौँ।

सात वन बुकी पाटनको मनोरम दृश्य आँखामा अल्झाएर हामी मध्याह्नमा ढोरपाटन पुगेका थियौँ। ढोरपाटन पुगेपछि मलाई आफ्नो जीवनप्रति आशा पनि बढ्न थालेको थियो। ढोरपाटन भन्नु त्यसै पनि पश्चिम नेपालको सुगम क्षेत्रको प्रारम्भ मानिन्छ र त्यसमाथि त्यस ठाउँमा खाना र वासको पनि सुविधा थियो। प्राकृतिक रूपमा पनि ढोरपाटन उल्लेख्य नै देखिन्थ्यो। त्यही रमणीय स्थलमा हामीले त्यसपछिको पूरै दिन थकाइ मारेका थियौँ। त्यहाँको बसाइको क्रममा म आफ्नो मन फेरि पनि काठमाडौँमा नै केन्द्रित गरिरहेको थिएँ। मेरी पत्नीको सम्झनाले मेरो आँसुभित्र पनि माया पलाइरहेको थियो। त्यसदिन दिन मात्र होइन अबेर राति अर्थात् ननिदाउन्जेलसम्म पनि सुयोग्य आश्रमभित्रकी मेरी मायालुभरि म पौडिरहेको थिएँ।

ढोरपाटन पुगेपछि मैले थाहा पाएँ; मैले त्यसवेला कालो दिसा गरेको रहेछु। त्यतिखेर मेरा हातखुट्टा पनि लल्याकलुलुक हुने क्रममा नै थिए। त्यतिखेर मेरो शरीरभरि पसीना नै पसीना आउने गर्थ्यो। त्यसभन्दा अघिदेखि नै मलाई खाएको पच्दैनथ्यो। खास गरेर डिल्लोकोटबाट चाहिँ म जस्तो खान्थेँ प्रायः त्यस्तै दिसा गर्ने गर्थें। त्यस रीतले म झनै गलिसकेको थिएँ।

•

भोलिपल्ट नै हामीले ढोरपाटन उपत्यकाको लागा छाडेका थियौँ। त्यसपछि हामी जलजला धुरी चढेका थियौँ। अनि धौलागिरि हिमालको विशाल छातीलाई देब्रेतिर पारेर हामी मरेनी र लुङ्खुरको ओह्रालो झर्न थालेका थियौँ। अनि त्यसपछि हामी ताकम धारापानी हुँदै दरबाङ पुगेका थियौँ। दरबाङबाट अगि बढ्ने क्रममा मलाई अब चाहिँ ज्युँदै काठमाडौं पुग्छु भन्ने मनोभावना पलाइसकेको थियो। बाटोभरि देखिएका खच्चड त्यस ठाउँमा झनै धेरै देखिन्थे। वास्तवमा मैले जीवनमा त्यतिका

खच्चड कहिले पनि देखेको थिइनँ । त्यहाँको भारी बोक्ने प्रमुख साधन नै खच्चड रहेछन् । खच्चडहरू पनि एउटा समूहमा पचासदेखि सयओटासम्म हुन्थे र त्यस्ता समूह प्रायः भइरहन्थे । त्यतातिर पाइला चल्न थालेपछि त्यहाँको प्रसिद्ध लोकगीत पनि हाम्रा कानमा छिरेको थियो । “बेनीको बजार जता माया उतै छ नजर” भन्ने प्रसिद्ध लोकगीतको थेगो गम्दै हामी म्याग्दीको सदर मुकाम बेनीबजार पुगेका थियौँ । बेनीबजार चाहिँ मङ्गला र काली नदीको बीचमा अवस्थित रहेछ । बेनीमा बसेर हामी केही रमाइलो गर्ने हिसाबमा नै थियौँ; तर समयसन्दर्भले हामीले बागलुङ पुग्ने मेलोमेसो मिलाउनुपरेको थियो । त्यसैले हामी राति अबेर बागलुङबजार पुगेका थियौँ ।

बागलुङको दृश्यले पनि मलाई भने आह्लादमा डुबाएको थियो । वास्तवमा बागलुङ पनि एउटा सुन्दर ठाउँ मानिन्थ्यो । हामीले त्यहाँ पूरा एक रात बागलुङलाई चढाएका थियौँ । अनि भोलिपल्ट बिहानै हामी पर्वततिर लागेका थियौँ पर्वतको कुस्माबजारसँग पनि सामीप्य गाँसेर हामी स्याङ्जातिर जाने क्रममा उक्लिरहेका थियौँ । त्यस भेकको त्यो कार्कीनेटाको उकालोले मलाई फेरि आक्रान्त पारिरहेको थियो । त्यतिवेला त्यहीँ भौँतारिएर बस्नुभन्दा आँसु बगाएर हिँड्नु मलाई निको लागेको थियो । साँच्चै हो, त्यहाँको उकालो हिँड्न थालेपछि फेरि म मर्दै बाँच्ने गरेको थिएँ । कार्कीनेटाको त्यही कठोर रीत हामीले मरीतरी पुऱ्याएका थियौँ ।

हुनत कार्कीनेटाबाट फेरि नझरुन्जेलसम्म मलाई मेरो भौतिक शरीरलाई काठमाडौँ पुऱ्याउँछु भन्नेमा द्विविधा नै थियो, तर जब हामीले नौडाँडामा स्याङ्जाबाट आएको बस चढेका थियौँ तब मलाई अब बाँचें भन्ने पक्कापक्की भएको थियो । वास्तवमा बस चढेपछि भने मलाई एक प्रकारको स्वर्गीय आनन्दले छोपेको थियो । त्यति मात्र होइन, पोखरा उपत्यकामा पसेपछि मेरो छातीभरि हर्षका भङ्गालाहरू फुटेका थिए र त्यसको प्रतिरूप नजाँनिदो रूपमा मेरा आँखाले दिइरहेका हुन्थे । त्यसपछि मैले मेरो जीवनको यात्रामा आफुभित्र निकै ठूलो परिवर्तन भेटेको थिएँ । करीब ३७ दिनको कष्टकर र निरन्तरजसो पैदलयात्रा गर्दै त्यसदिन हामी चारैजनाले दिग्विजय गरेका थियौँ ।

त्यो कठोर यात्राबाट जनही पाँचसात हजार रुपैयाँको थैलो बराबरको आर्थिक उपलब्धि बोकेर हामी काठमाडौँ भित्रेका थियौँ ।

•

गणेश गुरुङको नेतृत्वमा भरत वन र हेमराज चापागाईंलाई पनि मैले नै फकाएर, उचालेर र उक्साएर डोल्पासम्म लगेको थिएँ । साथै ठाँगे चढाएर तिनीहरूलाई मैले झन्नै मारेको पनि थिएँ, अनि त्यस ठाउँमा म पनि झन्नै मरेको थिएँ । तर बाँचिसकेपछि फेरि मैले भन्नैपऱ्यो– जीवनमा मैले पनि ठाँगे चढेँ र मेरा साथीहरूले पनि ठाँगे उक्लने मौका पाए ।

ooooooooooooooooooooooooooooooooooooooooooooooooooooo

## अन्त

म जसोतसो बाँचेर काठमाडौँ उपत्यकामा पसेँ । अनि डिल्लीबजारस्थित टेकनाथ भट्टराईको सुयोग्य आश्रममा प्रवेश भएपछि त्यसघरि मलाई अर्कै संसारमा प्रवेश भएको अनुभूति भयो । त्यस घरमा छिरेपछि मैले मेरी मायालुलाई पनि सकुशल भेटैँ । मेरी मायालुको दृष्टिसित मेरो दृष्टि जोडिनासाथ मेरा आँखामा साउने झरी बर्सन थालेका थिए । उनी पनि मलाई समाएर त्यो पल डाँको छाडेर रोएकी थिइन् । वास्तवमा डेढ दर्जन वर्ष मात्र पार गरेकी किशोरीको लागि एक्लो जीवन बाँच्न कठिन हुँदो रहेछ भन्ने बेहोरा पनि त्यसघरि उनका आँसु र भक्कानोले प्रदर्शन गरिरहेको थियो । त्यो हाम्रो देहमिलनको अवसरमा उनी जतिजति रुन्थिन् म पनि त्यतित्यति रुन्थेँ, अनि म जतिजति रुन्थेँ उनी पनि त्यतित्यति नै रुन्थिन् । हामी छुट्नुभन्दा अघिल्लो दिनको साँझ काठमाडौँको नक्सालस्थित न्यू एराको परिसरमा पनि त्यसरी नै रोएका थियौँ । त्यतिखेर हाम्रो रुदन, चीत्कार र पीडामा मलम लगाउने काम चाहिँ डा. कविताराम श्रेष्ठ, श्याम ढुङ्गेल र भरत वनले गरेका थिए । त्यसवेला हामी जोईपोइ बिछोडको पीडामा रन्थनिएर रोएका थियौँ भने यसवेला चाहिँ हामी दुवै मिलनको खुशी थाम्न नसकेर रोएका थियौँ ।

•

मलाई ठाँगेदेखि नै शरीरले त्यति साथ दिएको थिएन । त्यसपछि नै म भित्रभित्रै शिथिल भएको थिएँ । मलाई स्वास्थ्यले अपर्झट धोका दिए तापनि म वाध्यताले हिँडिरहेको थिएँ । त्यहाँको भीरपाखामा ओह्रालीउकाली एकोहोरो हिँड्नुपर्ने र त्यसमाथि बाटोमा एकातिर खानपान नपाउने र अर्कातिर खाना खाइहाले तापनि खाएको कुरा नपच्ने बेहोराले मलाई झनै कमजोर तुल्याएको त छँदैथियो । ढोरपाटनमा मैले जसरी कालो दिसा गरेको थाहा पाएको थिएँ त्यसरी नै काठमाडौँ प्रवेश भएपछि पनि

मैले फेरि कालो दिसा गरेको चाल पाएको थिएँ। मलाई त्यस प्रकारको दिसाको रङ्गको कुनै ज्ञान पनि थिएन तापनि मेरो शरीर पनि शिथिल, असजिलो र कमजोर भएकोले यससम्बन्धी रहस्यको समाधान गर्नु मेरो कर्तव्य नै थियो। त्यसैले त्यतिवेला मैले यो बेहोरा डिल्लीबजारको सत्यफर्मामा व्यक्त्याएको थिएँ। मेरो कुराको उत्तर दिने क्रममा मलाई कुवेरमान वैद्यले भनेका थिए– 'अल्सर भएको होला; दिसा देखाउनुपर्छ।' त्यसपछि मैले फेरि डेरामा गएर दिसा गरेँ र त्यसलाई एउटा पानीकागजमा राखेर सत्यफर्मामा पुऱ्याएँ। दिसा हेरेपछि वैद्यका कुरा सुन्दा म छक्क परेँ। साँच्चै नै मलाई अल्सर भइसकेको रहेछ। त्यसपछि म मेरो अल्सरको उपचारमा नै केन्द्रित भएँ। त्यसैवेला म वीर अस्पतालको विद्यार्थिकक्षमा एघार दिन बसेको थिएँ। मेरो त्यो दुःखद अवस्थामा मलाई डा. टङ्क बुढाथोकीले चाहिँ महत्त्वपूर्ण स्नेह, सद्भावना र सहयोग जुटाएका थिए।

•

हो; म पैसा कमाउने उद्देश्यले ज्यान फालेर डोल्पा गएको थिएँ। तर त्यसक्षण मैले अनुभवहरूको सङ्ग्रह पनि गर्न पाएको थिएँ। हिजोआज म सोच्ने गर्छु– वास्तवमा मेरो देश नेपाललाई मैले जति पढेको छु त्यो सबै ठाँगेले नै मलाई पढाएको हो र मेरो आफ्नो जीवनलाई मैले जति बुझेको छु ठाँगेले नै मलाई बुझाएको हो। त्यसैले जहिलेसुकै पनि जब मेरो स्मृतिमा ठाँगे आउँछ मलाई अनौठो आनन्दले कुतकुत्याउँछ। अहिले आएर हेर्दा म मेरो जीवनको त्यो यात्रा रोमाञ्चक र रोमहर्षक भएको पाउँछु। त्यति मात्र होइन, अठार हजार फिट उचाइमा स्थित ठाँगे उक्लेपछिको यात्रा नै मेरो जीवनको सर्वोत्तम यात्रा थियो भनेर अहिले पनि म किटान गर्छु।